# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०९ | काठमाडौं | बिहीबार, २५ साउन २०८० | Prabhab National Daily | Thursday, August 10, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## नेविसंघमा कांग्रेसको तदर्थवाद, असन्तुष्टलाई निषेध






- कांग्रेस सभापति शेरबहादुर देउवाले २०७८ चैत ९ मा दुजाङ शेर्पालाई अध्यक्ष मनोनीत गरे
- त्यसको झण्डै १७ महिनापछि तदर्थ कार्यसमितिमा ७१० जना मनोनयन गरे सोमबार
- यही विषयमा असन्तुष्टि जनाउँदै रूष्ट पक्ष समानान्तर कमिटी बनाउन सानेपा पुग्दा प्रहरी परिचालन गरी केन्द्रीय कार्यालय प्रवेशमा रोक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बुधबार दिउँसो ललितपुरको सानेपास्थित कांग्रेस केन्द्रीय कार्यालय पुगेका नेपाल विद्यार्थी संघको रुष्ट खेमालाई प्रहरीले बाटैमा रोक्यो । नेविसंघको तदर्थ समिति गठनमा असन्तुष्टि जनाउँदै समानान्तर समिति गठन गर्न पुगेका नेविसंघ कार्याकर्तालाई प्रहरीले कार्यालयको गेटैमा रोकेको हो ।

दुजाङ शेर्पा नेतृत्वको नेविसंघमा सोमबारमात्र कांग्रेस सभापति शेरबहादुर देउवाले ७१० सदस्यीय केन्द्रीय सदस्य मनोनीत गरेका थिए । यही विषयमा असन्तुष्टि जनाउँदै नेविसंघका केही नेताहरू समानान्तर कमिटी गठन गर्ने तयारीसाथ सानेपा पुगेका थिए । उनीहरू पुग्दा त्यहाँ दुजाङ नेतृत्वको नेविसंघ पनि पुगिसकेका थिए । 'दुजाङ दाइ धन्यवाद, सम्पूर्ण केन्द्रीय समिति धन्यवाद' भन्दै उनीहरू नाराबाजीमा उत्रिएका थिए । आक्रोशित अर्को पक्षले भने दुजाङको विरुद्ध नाराबाजी गरे । नेविसंघमा हुने सम्भावित झडप रोक्न ठूलो संख्या प्रहरी खटाइएको थियो ।

**किन रूष्ट छन् कार्यकर्ता ?**

नेविसंघ नैनसिंह महरको नेतृत्वपछि 'तदर्थवाद'मा चल्दै आएको छ । कांग्रेसको नर्सरीका रूपमा चिनिएको नेविसंघ पछिल्लोपटक कमजोर बन्दै आएपछि नेताहरूले पनि खासै ध्यान दिएको पाइँदैन । आफ्नो कोटामा दुई-चार जना केन्द्रीय सदस्य परेपछि केन्द्रीय नेतादेखि शीर्ष नेताहरू मौन बस्छन् र तदर्थ समिति गठनपछि मात्र असन्तुष्टि पोख्छन् । यसपटक त्यस्तै भएको दुजाङ पक्षका नेविसंघ नेताहरूको आरोप छ । तर असन्तुष्ट पक्षले भने विधानविपरीत जम्बो कार्यसमिति बनाएको आरोप लगाउँछन् ।

जनमैत्री क्याम्पस कुलेश्वरका नेविसंघ एकाइ सभापति निराजन शाही विधानसम्मत कार्यसमिति गठन नभएको तर्क गर्छन् । 'इगोका भरमा कतिपयलाई केन्द्रीय समितिमा अटाएनन्, आफ्ना पोल्टाका भाइभतिजामात्र राखे,' शाहीले भने । असन्तुष्टि सुनाउन माउ पार्टीको कार्यालय आउँदा शक्तिको दुरूपयोग गरी रोकेको उनले (बाँकी पृष्ठ २ मा)

# दाहालको 'पहिचान कार्ड'



पुष्पकमलजी जतिबेला राष्ट्रिय राजनीतिमा कमजोर महसुस गर्छन्, राजनीतिक रूपमा अप्ठ्यारोमा पर्छन् वा चुनाव आउँछ, त्यसबेला पहिचान कार्ड फ्याँक्छन् ।

■ **प्रा. महेन्द्रसुन्दर लावती**
राजनीतिशास्त्री

" २०८४ मा तपाईंहरूले पहिचान पक्षधरलाई मत हालिदिनुभयो भने सदनबाटै प्रदेशहरूका नाम परिवर्तन हुन्छ ।

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री




२९औं विश्व आदिवासी दिवसको अवसरमा बुधबार आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल । *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले चार वर्षपछि हुने चुनावमा पहिचानवादी दललाई आदिवासी जनजातिले बहुमत दिए संसद्बाटै प्रदेशहरूको नामकरण पहिचानका आधारमा हुने बताएका छन् । २९औं विश्व आदिवासी दिवसको अवसरमा बुधबार प्रज्ञा भवनमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले पहिचानको कार्ड फ्याँकेका हुन् । उनले पहिचानवादी दल आफू नेतृत्वको नेकपा माओवादी केन्द्रमात्र भएको दाबीसमेत गरे ।

'पहिचानसहितको संघीयता र संघीयतासहितको संविधान'को नारा लिएर २०७० मा भएको दोस्रो संविधानसभा चुनावमा जाँदा जनताले बहुमत नदिएपछि प्रदेशहरूको नाम पहिचानको आधारमा राख्न नसकिएको भन्दै दाहाल पन्छिए । तर, २०८४ मा हुने चुनावमा माओवादीलाई बहुमत दिएको अवस्थामा भने प्रदेशहरूको नाम पहिचानको आधारमा राखिने उनको आश्वासन छ ।

'म त्यस्तो प्रधानमन्त्री हुँ, जसले मधेसी र आदिवासीको अधिकार अझ स्पष्ट हुनुपर्छ, पहिचान र अधिकार जति हुनुपर्ने त्यति भएन भनेर दुईपटक संविधान संशोधन प्रस्ताव दर्ता गरेको छु । तर त्यतिबेलाको ठूलो पार्टी (कांग्रेस)को विरोधको कारणले त्यो पारित हुन सकेन,' विश्व आदिवासी दिवसको अवसरमा दाहालले भने, '२०८४ मा पहिचानका पक्षधरलाई टन्नै तपाईंहरूले मत हालिदिनुभयो भने सदनबाटै प्रदेशको नाम पारित हुन्छ ।'

दोस्रो संविधानसभा चुनावबाट बहुमत प्राप्त गर्न नसकेकै कारण पहिलोपटक गणतन्त्र नेपालको प्रधानमन्त्री छँदा घोषणा गरिएका स्वायत्त गणराज्यहरूलाई कार्यान्वयनमा लान नसकिएको उनको तर्क रहयो । जनताले बहुमतको शक्ति नदिँदा त्यस्तो नभएको उनको धारणा छ । '१ नम्बर प्रदेशलाई कोशी नामकरण गर्नु अगाडि मैले तपाईंहरूलाई सायद त्यो प्रदेशको नामकरण किरात प्रदेश राख्नु उचित हुन्छ र मेरो तर्फबाट त्यो प्रयास भइराखेको छ भनेर मैले भनेको पनि थिएँ,' दाहालले भने ।

जनतालाई राम्रोसँग प्रशिक्षित गर्न नसक्दा आफूहरूले पहिचानको आधारमा प्रदेशको नामकरण गर्न नसकिएको तर्क दाहालको रहयो । 'शेर्पा क्षेत्रमा गएर शेर्पा प्रदेश घोषणा गरेकै थिएँ । किरातमा गएर किरात प्रदेश घोषणा गरेकै थिएँ,' उनले थपे, 'तर, त्यसलाई कार्यान्वयन गर्न हामीलाई सदनमा चाहिनेजति तागत हो, त्यो हामीलाई प्राप्त भएन । त्यसले गर्दा त्यसलाई कार्यान्वयन गर्न सकिएन ।'

प्रधानमन्त्री दाहालले यसरी आफूलाई पहिचानवादी नेताका रूपमा प्रस्तुत गर्न खोजे पनि गत वर्षको १७ फागुनमा नामकरण भएको कोशी प्रदेशमा आफ्ना सांसदहरूलाई मतदान गर्न लगाए । जहाँ उनको दल माओवादीका सांसदहरूले मतदान नगरे पनि कोशी प्रदेश नाम पारित हुने संसदीय गणित थियो । जुन नामलाई लिएर पहिचानवादीहरू महिनौंदेखि आन्दोलित छन् । फेरि नामकरण गर्न उनीहरूको माग छ ।

वर्षौंदेखि उनीहरूले ऐतिहासिक पृष्ठभूमिको आधारमा (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# बढ्दो ठगी वैदेशिक रोजगारीको मुख्य समस्या

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा सबैभन्दा ठूलो समस्या ठगी भएको बताएको छ । श्रमसचिव केवलप्रसाद भण्डारीले वैदेशिक रोजगारीको नाममा व्यक्तिगत तथा संस्थागत रूपमा विभिन्न माध्यमबाट ठगी भइरहेको बताएका हुन् ।

बुधबार मन्त्रालयमा आयोजित पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रममा सचिव भण्डारीले परम्परागत रूपमै वैदेशिक रोजगारसम्बन्धी गतिविधि भइरहेको भन्दै यसमा सुधारको विकल्प नभएको बताए । 'व्यावसायिक रूपमा वैदेशिक रोजगारसम्बन्धी गतिविधि हुन थालेपछि ठगीको शृंखला सुरुआत भएको हो,' उनले भने, 'अहिले ठगी नै ठूलो समस्या भएको छ, यसको नियन्त्रण र सुरक्षित वैदेशिक रोजगारीका लागि मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको छ ।' पछिल्लो समय वैदेशिक रोजगारसम्बन्धी हुने सबै काम अनलाइनमार्फत गर्न थालेपछि फेक डकुमेन्ट बनाउने र श्रमिकलाई झुक्याउने कार्य कम भएको सचिव भण्डारीले दाबी गरे । हाल वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) केही प्रविधिक समस्या भएका कारण सुधारका लागि सम्बन्धित निकायले काम गरिरहेको उनले बताए । वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकको परिवारलाई दिने आर्थिक सहायता र छात्रवृद्धिमा दिँदै आएको रकम वृद्धि गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

अन्तरक्रिया कार्यक्रममा मन्त्रालयका वैदेशिक रोजगार व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव राजिव पोखरेलले मन्त्रालयले गरेको कार्यसम्पादनको मिडियाले पक्षपोषण गर्दै सुधारका लागि प्रोत्साहित गरेको बताए । वैदेशिक रोजगारीका लागि घरेलु कामदार जान लगाइएको बन्देज फुकाउन मन्त्रालय सकारात्मक रहेको भन्दै उनले आवश्यक तयारी भइरहेको बताए ।



अहिले ठगी नै ठूलो समस्या भएको छ, यसको नियन्त्रण र सुरक्षित वैदेशिक रोजगारीका लागि मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको छ ।

■ **केवलप्रसाद भण्डारी**
सचिव, श्रम मन्त्रालय



बढ्दो ठगीका घटनाप्रति विभाग सचेत र संवेदनशील छ । ठगीका घटनामा कुनै सम्झौता हुँदैन । व्यक्ति वा म्यानपावर कम्पनी जो भए पनि कारबाहीको दायरामा ल्याउँछौं ।

■ **मदन दाहाल**
महानिर्देशक, वैदेशिक रोजगार विभाग

'कुवेत र ओमानमा मात्रै २० हजारभन्दा बढी नेपालीहरू घरेलु श्रमका लागि पुगेको तथ्यांक छ,' उनले भने, 'विभिन्न बाटो भएर त्यहाँ पुगेको देखिन्छ, उनीहरूलाई रोक्न सकिएन, रोक्न सकिँदैन भने वैधानिक रूपमा जान दिनुपर्छ भन्नेमा मन्त्रालय प्रस्ट छ ।' घरेलु कामदार विदेश जान दिने सम्बन्धमा श्रम मन्त्रालयले आवश्यक तयारी गरे पनि समन्वयका लागि पठाइएको फाइल परराष्ट्र मन्त्रालयले रोकिराखेको उनले बताए । वैदेशिक रोजगार एप्स निष्क्रिय रहेका सम्बन्धमा पोखरेलले यसको सञ्चालन तथा प्रयोग स्थानीय तहले गर्ने जानकारी दिए । त्यस्तै सबै किसिमका सेवा प्रवाहमा एकरूपता ल्याउन एकीकृत सेवा प्रणालीको गृहकार्य भइरहेको उनको भनाइ छ ।

वैदेशिक रोजगार व्यवसायीले लिँदै आएको सेवा शुल्क पुनरावलोकन कार्यदलका संयोजकसमेत रहेका पोखरेलले 'फ्रि भिसा, फ्रि टिकट' तथा सेवा शुल्कमा पुनरावलोकन हुने बताए । उनले शुल्कको बारेमा अहिले नै निर्णय भइनसकेको भन्दै लागत शुल्क पछि तोकिने बताए । वैधानिक तवरबाट विदेश गएका रोजगारीका क्रममा मृत्यु भएका व्यक्तिहरूको परिवारलाई दिइने आर्थिक सहायता र उनीहरूका छोराछोरीले पाउने छात्रवृद्धिमा पनि वृद्धि गर्ने तयारी भइरहेको पोखरेलले बताए ।

'हाल मृतकका परिवारलाई दिइँदै आएको आर्थिक सहायतालाई सात लाख रूपैयाँबाट दोब्बर गर्ने वा नसकिए १० लाख रूपैयाँसम्म दिने मन्त्रालयको तयारी छ,' उनले भने, 'वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने वा गम्भीर घाइते भएका श्रमिकका सन्तानलाई दिइने छात्रवृद्धिमा पनि कक्षा ८ सम्मको लागि वार्षिक १२ हजार र कक्षा ९ देखि १२ सम्मलाई १६ हजार ५०० रूपैयाँ पुऱ्याउने तयारी भइरहेको छ ।' हाल मन्त्रालयअन्तर्गत वैदेशिक रोजगार बोर्डले कक्षा आठसम्म वार्षिक आठ हजार र कक्षा ९ देखि १२ सम्मलाई १२ हजार रूपैयाँ दिँदै आएको छ ।

मन्त्रालयले मृतक तथा अंगभंग भएकाहरूलाई मात्र नभएर वैदेशिक रोजगारबाट फर्केकाहरूलाई पनि स्वास्थ्य परीक्षणलगायत मनोसामाजिक परामर्श सेवा दिने तयारी गरिरहेको पोखरेलले जानकारी दिए ।

यस्तै वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालले दिनानुदिन बढ्दो ठगीका घटनाप्रति विभाग सचेत र संवेदनशील रहेको बताए । उनले रोजगारीका लागि विदेश जान खोज्नेहरू दुई किसिमले ठगीमा परेको बताए । 'ठगी दुई किसिमले भइरहेको छ, एउटा चेतनाको कमीले गर्दा, अर्को उच्च महत्त्वाकांक्ष राखेर युरोप अमेरिकाको सपना देख्दा ठगिएका छन्,' उनले भने ।

ठगीका घटनामा कुनै सम्झौता नहुने भन्दै व्यक्ति होस् वा म्यानपावर कम्पनी, उनीहरू कारबाहीको दायरामा ल्याउन विभाग प्रतिबद्ध रहेको उनले बताए । उनले ठगी नियन्त्रणका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी (सिडिओ)लाई पक्राउ तथा अनुसन्धानका लागि अधिकार प्रत्यायोजन गर्न लागिएको जानकारी दिए । ठगी नियन्त्रणका लागि विश्वभरबाट रोजगारी दिने रोजगारदाता र काम गर्न जाने श्रमिकलाई विभागको फेइम्स प्रणालीमा समेट्ने कार्य भइरहेको भन्दै उनले फेइम्स प्रणाली सुधारका लागि काम भइरहेको जानकारी दिए ।

यस्तै ठगीका घटनामा हदैसम्मको चेतावनी दिँदा पनि अटेर गर्ने म्यानपावर कम्पनीको लाइसेन्स नै खारेज गरिएको दाहालले जानकारी दिए । उनका अनुसार वैदेशिक रोजगार ऐन २०६४ विपरीत गतिविधि गर्ने र पीडितहरूलाई क्षतिपूर्ति दिन पटक-पटक आग्रह र चेतावनी दिँदासमेत बेवास्ता गरेपछि डि. स्क्वायर ग्रुप र डिलक्स एचआर सोलुसन नामक म्यानपावरको लाइसेन्स नै खारेज गरिएको छ । उनले विदेशमा रहेका श्रमिकहरूको समस्या समाधानका लागि राख्नुपर्ने आवश्यकता रहेको भन्दै युरोपलाई श्रम गन्तव्य बनाउनुपर्ने बताए । विदेशमा रहेका कागजातविहीन भएर अवैध भएका श्रमिकहरूलाई वैधानिक बनाउनेगरी काम गर्न लागिएको महानिर्देशक दाहालको भनाइ छ ।


जनहितमा जारी सन्देश

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**


- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं




**सिली नाच** | २९औं विश्व आदिवासी दिवसको अवसरमा नेपाल आदिवासी जनजाति महासंघले बुधबार राजधानीमा आयोजना गरेको कार्यक्रममा राई समुदायको सिली नाच प्रस्तुत गर्दै कलाकार । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# १० हजार नाघ्यो डेंगु संक्रमित

**काठमाडौं (प्रस)**– डेंगु भाइरसको संक्रमण बढ्दै गएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले बुधबार सार्वजनिक गरेको तथ्यांकमा १० हजार ७२६ जनालाई डेंगु संक्रमण देखिएको छ । संक्रमण ७४ जिल्लामा फैलिएको छ भने सात जनाको मृत्यु भइसकेको छ ।

महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासनीले लगातार परिरहेको पानी र सरसफाइमा ध्यान नदिँदा डेंगु संक्रमण बढिरहेको बताए । उनले यसैगरी डेंगु संक्रमण बढ्दै जाने हो भने भदौ र असोजमा उच्च हुने बताए । सन् २०२२ मा ५४ हजार ७८४ जनामा संक्रमण र ८८ जनाको मृत्यु भएको थियो ।

संक्रमण देखिएकामध्ये सबैभन्दा बढी सुनसरीमा भेटिएको छ । महाशाखाका अनुसार सुनसरीमा छ हजार ४१ जनामा डेंगु संक्रमण देखिएको छ । डेंगु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेंगु रोग लाग्छ ।

यसपटक कोशी प्रदेशमा संक्रमण बढेको पाइएको छ । कोशी प्रदेशमा आठ हजार १० ९ जना, बागमती प्रदेशमा एक हजार ४५३ जना, गण्डकी प्रदेशमा ४७१ सुदूरपश्चिम प्रदेशमा ३९३ जना, लुम्बिनी प्रदेशमा २१५ जना, मधेस प्रदेशमा ५७ र कर्णाली प्रदेशमा २८ जनामा संक्रमण देखिएको छ । नयाँ देखिएका बिरामीमध्ये नौ हजार ६१२ (८९.६) प्रतिशत) बिरामी १० जिल्लाका रहेका छन् ।

सुनसरीपछि मोरङ एक हजार ३४४, धादिङ एक हजार २७ जना, कास्की २२५ जना, धनकुटा २२३, दार्चुला १९२ जना, झापा १८२, काठमाडौं १५१ संखुवासभा १४८ जना र तनहुँ ७९ जनामा डेंगुका बिरामी भेटिएका छन् । नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेंगु देखिएको थियो ।

मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैं झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन र घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपन्छी व्यवस्थित ढंगले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाडामा पानी जम्न नदिने आग्रह गरेको छ ।

# 'आँखा पाक्ने रोग लागे आत्तिनु पर्दैन'

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आँखा पाक्ने रोग (भाइरल कन्जङ्क्टिभाइटिस) लागे आत्तिनु नपर्ने जनाएको छ । मन्त्रालयका सहप्रवक्ता डा. समिर कुमार अधिकारीले अहिले मुलुकभरका विभिन्न ठाउँमा आँखा पाक्ने रोग देखिएकाले नआत्तिई घरमा बसेर उपचार गर्न आग्रह गरे । उनले घरमा आँखाको स्याहार गरे संक्रमण एकदेखि दुई हप्ताभित्रमा निको हुने बताए ।

हाल नेपालका विभिन्न जिल्लामा आँखा पाक्ने रोग देखिएकाले देशभरिका आँखा अस्पतालहरूमा बिरामीको चाप बढ्दै गएको मन्त्रालयले जनाएको छ । 'यो रोग संक्रामक भएकाले सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ,' डा. अधिकारीले भने । संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने, विद्यालय, बजार र संक्रमित व्यक्ति भीडभाडमा हुने ठाउँ/सार्वजनिक स्थानमा नजाने, संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना प्रयोग गर्न नहुने उनले बताए ।

डा. अधिकारीका अनुसार जथाभावी आँखा नछुने, छुनु परेमा साबुन पानीले राम्ररी हात धुने, आँखालाई चिसोले सेक्ने र सेक्दा आँखा बन्द गरेरमात्रै सेक्ने, आँखा नमिच्ने, प्रशस्त मात्रामा पानी तथा पोषिलो खाना खाने, बाहिर घाममा निस्कँदा कालो चस्माको प्रयोग गर्ने, संक्रमित व्यक्तिले प्रयोग गरेका सामान राम्ररी भोएर मात्रै प्रयोग गर्नुपर्दछ ।

आँखा पाक्ने रोगका प्रमुख लक्षणहरूमा आँखा रातो हुने र चिलाउने, आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने, आँखाको ढकनी रातो हुने, सुन्निने, आँखा बिझाउने/दुख्ने र घाम वा उज्यालोमा हेर्न गाह्रो हुनेलगायत रहेको मन्त्रालयले जनाएको छ ।

# थप ७ दिन हिरासतमा राख्न अनुमति

**काठमाडौं (प्रस)**– बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना गरेको प्रकरणमा पक्राउ परेका २० जनालाई थप सात दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति प्राप्त भएको छ ।

जिल्ला अदालत काठमाडौंले बुधबार निजहरूलाई थप एक साता हिरासतमै राखेर अनुसन्धान गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई अनुमति दिएको हो ।

सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा सिआइबीले सरकारी कागजात कीर्ते र संगठित अपराधमा निजहरूमाथि अनुसन्धान गरिरहेको छ ।

सो प्रकरणमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीर कुमार शाहसहितका २० जना व्यक्ति सिआइबीको हिरासतमा रहेका छन् ।

# टेकु घटनाबारे छानबिन समिति

**काठमाडौं (प्रस)**– सरकारले अधिवक्ता भगवती पाण्डेले दिएको अभिव्यक्तिविरुद्ध उनलाई कारबाही गर्नुपर्ने मागसहित तामाङ र मगर समुदायले टेकुमा गरेको धर्नामा प्रहरीले बल प्रयोग गरेको घटनाबारे छानबिन गर्न छानबिन समिति गठन गरेको छ । गृह मन्त्रालयका उपसचिव रामबहादुर शाहीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिलाई सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेस गर्न १० दिनको समय तोकिएको गृह मन्त्रालयले बुधबार विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

त्यस्तै कारागार कार्यालय संखुवासभाका कैदीहरू विनोद तोलांगी र विकास श्रेष्ठ भनिने आकाश बलामीको साउन २४ गते कारागारभित्रै मृत्यु भएको सम्बन्धमासमेत सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेस गर्न कारागार व्यवस्थापन विभागका निर्देशक कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ ।

गृह मन्त्रालयका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईले छुट्टाछुट्टै विज्ञप्तिमार्फत उक्त जानकारी दिएका हुन् ।

## नेविसंघमा कांग्रेसको...

पृष्ठ १ बाट जारी

बताए । 'शक्ति परिचालन गरी हामीलाई कार्यालय पस्न दिइएन,' शाहीले भने ।

लामो समयदेखि तदर्थवादमा चल्दै आएको नेविसंघमा ३२ वर्षे उमेर हद लागू भएपछि सभापति देउवाले २०७८ चैत ९ मा दुजाङलाई अध्यक्ष बनाएका थिए । दुजाङलाई महाधिवेशनको जिम्मेवारी थियो । तर उनले १७ महिनासम्म न त महाधिवेशन गर्न सके न त कार्यसमिति नै विस्तार । बल्ल सोमबार जम्बो कार्यसमिति आयो । जम्बो कार्यसमितिमा देउवा पक्ष, डा. शेखर कोइराला पक्षको सहमति थियो । तर महामन्त्री गगन थापा, पूर्वमहामन्त्रीद्वय डा. शशांक कोइराला र कृष्णप्रसाद सिटौलाले कोटा नपुगेको भन्दै असन्तुष्टि जनाउन थाले । जसकारण नेविसंघमा असन्तुष्टि बढेको बताउँछन् नेताहरू ।

त्यसो त उनीहरू विधानसम्मत कार्यसमिति गठन नभएको पनि तर्क गर्छन्, अर्कोतिर आफूहरू नअटेको भन्दै विरोध पनि । 'नेविसंघमा ७१० को नाटक देखाइयो, यस्तो नाटक नदेखाइयोस्,' एक असन्तुष्ट नेता यज्ञ खड्काले चेतावनी दिए । आफूहरूलाई समानान्तर समिति गठन गर्न कसैले रोक्न नसक्नेसमेत खड्काले दाबी गरे । 'विधानसम्म कार्यसमिति पुनर्गठन हुनुपर्छ नभए हामी मान्दैनौ,' उनले भने । यता नेविसंघ अध्यक्ष दुजाङले भने प्रतिक्रिया दिन मानिरहेका छैनन् ।

नेविसंघका एक नेताका अनुसार सुरुमा देउवा पक्षले ५५१ जनाको कार्यसमिति गठनमा सहमति गरेका थिए । जसमा सबै पक्षको भागबण्ड सहमतिमै मिलेको थियो । तर देउवाले सोमबार केन्द्रीय समितिको नामावली जारी गर्दा १५९ जना थपेको देखेर संस्थापनइतर जिल्ल परेको ती नेताको भनाइ छ ।

'थपिएको १५९ जना देउवा पक्षका एकलौटी हुन्, यसैले नेविसंघमा असन्तुष्टि चुलिएको हो,' ती नेताले भने ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : YOW LIN FOUNDRY SDN.BHD.**

पूर्व स्वीकृति मिति: २०७९/१२/१५ | पून स्वीकृति मिति: २०८०/०४/२४ | LT. No. 283550 | चलानी नं.६०२०४९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 1 | 0 | 1500 | ४३,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : CML FARMING**

पूर्व स्वीकृति मिति: २०७९/१२/०२ | पून स्वीकृति मिति: २०८०/०४/२४ | LT. No. 282644 | चलानी नं.६०२०४९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 1 | 0 | 1500 | ४३,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : Higard (M) Sdn Bhd**

पूर्व स्वीकृति मिति: २०७९/१०/०९ | पून स्वीकृति मिति: २०८०/०४/२४ | LT. No. 279793 | चलानी नं.६०१९४९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 12 | 0 | 1500 | ४३,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376
श्रम ईजाजत नं. ६१३/०६२/०६३



## वालिङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/०४/२५

यस कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्र मुल्याङकन गर्दा तपशिलको बोलपत्र न्यूनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही भई मुल्याङन समितिबाट स्वीकृतको लागि सिफारिस भए बमोजिम सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं | ठेक्का नम्बर | योजनाको नाम | छनौटको लागी सिफारिस भएको बोलपत्रदाता | बोल कबोल अंक (रु.) (भ्याट समेत) |
|---|---|---|---|---|
| १. | १५/२०७९/२०८० | दिसाजन्य लेदो प्रशोधन केन्द्रको स्तरोउन्ती वालिङ-१, सरसफाई केन्द्र | देवत्री सोवर इन्जिनियरिङ विल्डर्स प्रा.ली. | ४३०५१८५।१६ |

**प्रमुख प्रशासकीय अधिकृत**



## इटहरी उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कोशी प्रदेश, सुनसरी, नेपाल

जनहितमा जारी सन्देश




सुरक्षित रहौं
**रोकथाम गरौं**
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

**डेंगीबाट बच्ने उपायहरु**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

# राष्ट्रिय साइबर सुरक्षा नीति मन्त्रिपरिषद्बाट स्वीकृत

**काठमाडौं (प्रस)**– सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को मंगलबार (साउन २३) को बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

मन्त्रिपरिषद्को बैठकको निर्णय सार्वजनिक गर्न बुधबार सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले उक्त जानकारी दिएकी हुन् । बैठकले मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको सिंहदरबारको संशोधित गुरुयोजना स्वीकृत गर्ने निर्णय गरेको छ ।




त्यस्तै मन्त्रिपरिषद्बाट आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० संघीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय भएको छ । पाँच रूपैयाँ दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने पनि बैठकले गरेको छ ।

मन्त्रिपरिषद् बैठकले कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मालाई स्वीट्जरल्याण्डको जुरिचमा २०८० भदौ १५ देखि १६ गतेसम्म आयोजना हुने 'कोअपरेसन इन फाइनान्सिङ, सोल हयुमनिट्रेसन पिपिपी एण्ड ग्रिन प्रोग्राम' लगानी सहकार्य विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

त्यसैगरी थाइल्याण्डको बैंककमा आगामी २०८० भदौ ५ र ६ गते आयोजना हुने 'हाइ लेभल युरो एसिया रिजनल रिभ्यु अफ दि भियाना प्रोग्राम अफ एक्सन अफ दि एलएलडिसिस' मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललाई स्वीकृति दिइएको छ ।

सरकारले हेटौंडा-डल्केवर-इनरुवा ४०० केभी प्रसारणलाइन आयोजनाको सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र मकवानपुर जिल्लामा प्रसारणलाइनको अधिकार क्षेत्रभित्र पर्ने जग्गा र सोभित्र रहेको संरचनाको क्षतिपूर्ति निर्धारण गर्न समितिको अध्यक्ष र सदस्य तोक्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिइन् ।

यसै अमन चौधरी (अग्रवाल) को झूठो विवरण पेस गरी जिल्ला प्रशासन कार्यालय, पर्साबाट २०७७ कात्तिक २५ मा प्राप्त गरेको वंशजका आधारको नेपाली नागरिकताको प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने र संलग्न व्यक्तिहरूलाई सोही ऐनको दफा २१ बमोजिम कारबाही गर्ने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद् बैठकले सोफिया रुथ भण्डारीले झूठा विवरण पेस गरी जिल्ला प्रशासन कार्यालय कास्कीबाट प्राप्त गरेको जारी मिति २०७९ साउन २६ भएको वंशजका आधारको नेपाली नागरिकताको प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १४ (१) बमोजिम रद्द गरी संलग्न व्यक्तिहरूलाई सोही ऐनको दफा २१ बमोजिम कारबाही गर्ने निर्णय गरेको छ ।

'पब्लिक सेक्युरिटी डिपार्टमेन्ट अफ टिवेत अटोनोमस रिजन अफ चाइना'ले गृह मन्त्रालयलाई प्रदान गर्ने 'सेक्युरिटी इक्युप्मेन्ट अन्डर ग्रान्ड असिसटेन्स' अन्तर्गत प्राप्त हुने वस्तुगत सहायता २१ थान 'रिमोट्ली पाइलोटेड एयरक्रयाफ्ट ड्रोन' स्वीकार गर्ने निर्णय भएकोसमेत मन्त्री शर्माले जानकारी दिएकी छन् ।

## संविधान प्रदत्त आरक्षणको प्रभावकारी कार्यान्वयन माग

**काठमाडौं (प्रस)**– २९औं विश्व आदिवासी दिवस विभिन्न कार्यक्रमका साथ बुधबार देशभर मनाइएको छ । सोही अवसरमा आयोजित कार्यक्रममा उपसभामुख इन्दिरा रानाले आदिवासी, जनजाति, महिला, पिछडिएको वर्गलगायतका लागि संविधानले आरक्षणको व्यवस्था गरेको भए पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताइन् ।

'संविधानले आरक्षणको व्यवस्था गरेको छ । तर हामीले त्यसको उपभोग गर्न सकेका छौं । संविधानले दिएका हक स्थापित गर्न सबै पक्षबाट जिम्मेवार भएर लाग्न जरुरी छ,' उनले भनिन् । मुलुकमा सुशासन ल्याउनका लागि सबै व्यक्ति स्वअनुशासित हुनुपर्ने पनि उनको भनाइ छ ।

सोही कार्यक्रममा कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले आदिवासी जनजातिका हक र अधिकार सुनिश्चित गर्ने विषयमा सरकारको ध्यानाकर्षण भएको र संविधानले दिएका हकअधिकारको सुनिश्चित गर्नका लागि आवश्यक नीति तथा कानुन बनाइने बताए । 'संविधानद्वारा प्रदत्त अधिकारको सुनिश्चितताका लागि सबै क्षेत्रबाट एकाकार भएर लाग्नुपर्छ । हिजोका दिन फर्केर हेर्नुभन्दा पनि अहिलेको अवस्था र आगामी दिनमा कसरी अघि बढ्ने भनेर हेर्न जरुरी छ । समयको परिवर्तनसँगै हामी अगाडि बढ्न सक्नुपर्छ,' उनले भने, 'हाम्रो बहुभाषिक, बहुसांस्कृतिक वेशभुषालाई जोगाएर राख्नुपर्ने सबैको दायित्व हो । यो सरकारको पनि दायित्व हो र सरकार यसबाट पन्छिँदैन ।' आदिवासी जनजातिको हक सुनिश्चितताका लागि सरकारले चाँडै नै कार्ययोजना बनाउने र लागू गर्ने उनको भनाइ छ ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले संविधान निर्माणको क्रममा नै आदिवासी जनजातिको हकअधिकारको सुनिश्चितता गर्नका लागि ठूलो संघर्ष गरेको उल्लेख गर्नुहुँदै त्यसको कार्यान्वयन अहिलेको चुनौती रहेको बताए । निजामती सेवामा आदिवासी जनजातिको सहभागिता सुनिश्चित गराइएको उनको भनाइ छ ।

## दाहालको...

पृष्ठ १ बाट जारी

प्रदेशको नामकरण हुनुपर्ने भन्दै आएका थिए । तर, आफूलाई पहिचानवादी नेताको रूपमा चित्रित गर्न खोजेका दाहालले प्रधानमन्त्री भएकै बेला बल प्रयोग गराएर प्रदेश नाम कोशी राख्न लगाएका थिए ।

यतिमात्र होइन, २०७४ को चुनावपछि एमाले र दाहाल नेतृत्वको दल माओवादी सम्मिलित नेकपाको सरकार हुँदै पाँचवटा प्रदेशको नाम पहिचानविनाको राखियो । प्रधानमन्त्री केपी शर्मा ओली थिए । ओली पहिचानविनाको नाम तोक्न निर्देशन दिने र दाहाल मौन रूपमा अनुमोदन गर्ने नेता देखिएको नेपालमा जारी पहिचान आन्दोलनबारे जानकार प्राध्यापक महेन्द्रसुन्दर लावती बताउँछन् ।

हुन पनि दाहालले त्यसबेला सार्वजनिक रूपमा कर्णाली, सुदूरपश्चिम, लुम्बिनी, गण्डकी र बागमती नामबारे बोलेनन् । पहिचानवादी नेता नै भएको भए त्यसबेला उनले यी प्रदेश नामहरूको विरोध गर्नुपर्थ्यो भन्छन्, लावती । सोहीकारण बुधबार २०८४ मा हुने चुनावमा बहुमत पाए प्रदेश नामकरण पहिचानका आधारमा राख्ने भन्ने दाहालको भनाइलाई लावतीले 'पहिचानको कार्ड'को संज्ञा दिए ।

'प्रचण्डजी जतिबेला राष्ट्रिय राजनीतिमा कमजोर महसुस गर्छन्, राजनीतिक रूपमा अप्ठ्यारोमा पर्छन् वा चुनाव आउँछ, त्यसबेला आदिवासी कार्ड फ्याँक्छन्,' उनले प्रभावसँग भने, 'उनले युद्धदेखि शान्तिपूर्ण राजनीतिमा आउँदासम्म पटक-पटक यस्तो कार्ड फ्याँके ।'

यदि, दाहालले भने जसरी पुनःनामकरणको प्रक्रिया थाल्ने हो भने पनि संविधानतः दुई तिहाइ बहुमत आवश्यक पर्छ । नभए पुनःनामकरण सम्भव हुँदैन ।

फेरि, २०६४ पछि क्रमशः हरेक चुनावमा झन् झन् कमजोर हुँदै गएको माओवादीले दुई तिहाई बहुमत पाउनेमा धेरैको शंका छ । यस आधारमा पनि प्रदेशको पुनःनामकरण सहज छैन । अर्कातिर, दाहाललाई पहिचानवादी नेता र मतदाताहरूले समेत पत्याउन छाड्दै गएको चुनावी परिणामहरूले देखाएको छ ।


## MACAU मा वैदेशिक रोजगारको अवसर

कम्पनी : RCG HUMAN RESOURCE CONSULTING LIMITED

पूर्व स्वीकृति मिति २०८०/०२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२४ LT. No. 287158 चलानी नं. ६०२०२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MOP | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basement, Baggage Services Agent | 3 | 0 | 8240 | १३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | १ वर्ष |
| 2 | Cabin Service Agent | 3 | 0 | 7180 | ११७,१४५ | | | | | | | |
| 3 | Cargo Service Agent | 3 | 0 | 8240 | १३४,४४० | | | | | | | |
| 4 | Load Control Centre Services Agent | 3 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 5 | Passenger Service Agent | 10 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 6 | Ramp Service Agent | 3 | 0 | 7400 | १२०,७३५ | | | | | | | |

प्रि-अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १ र ३ गते (18/20th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | जाँदा कामदारले / फर्किंदा रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: ८०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67

AP OVERSEAS PVT. LTD

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: info@apoverseas.com.np

Website : www.apoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SJ VARIED SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२४ LT No :265941 चलानी नं. ६०१८१९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

TRANS WORLD Manpower CO.(P) Ltd.

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu

Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236

Email: twmanpower@wlink.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GCP MANUFACTURE (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२४ LT. No. 266633 चलानी नं. ६०१८२५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLU LOUNGE LADIES BEAUTY SALON.

पूर्व स्वीकृति मिति २०८०/०४/२३ LT. No. 290643 चलानी नं.६०२०५८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 150 | ६४,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 3 | 150 | ६४,४२५ | | | | | | | |

कम्पनी : MIRO LINE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०१/०५ पून स्वीकृति मिति २०८०/०४/२३ LT No :284946 चलानी नं. ६०१८९३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | JUICE MAKER/COFFEE MAKER/WAITER/WAITRESS/PREPARE | 20 | 50 | 130 | ५५८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : THE NAIL SPOT SALON FOR LADIES BEAUTY CO.

पूर्व स्वीकृति मिति २०८०/०४/२३ LT. No. 290669 चलानी नं.६०२०५९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE PEDICURE | 0 | 5 | 150 | ६४,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | NAIL TECHNICIAN | 0 | 6 | 150 | ६४,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Alorf Hospital

पूर्व स्वीकृति मिति : २०८०/०४/२४ LT. No. 290479 चलानी नं.६०२०५९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 25 | 350 | १०७३७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REFRESHMENT TRADING COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८०/०४/२४ LT. No. 290607 चलानी नं.६०२०५९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR WASH HELPER | 3 | 0 | 100 | ४२९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ATRIA WELLNESS SPA SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०४/२४ LT. No. 290674 चलानी नं.६०२०५९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NAIL TECHNICIAN | 0 | 4 | 150 | ६४४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ATRIA WELLNESS SPA SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०४/२४ LT. No. 290675 चलानी नं.६०२०५९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 130 | ५५८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897

E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MERAKI BEAUTY SALON

पूर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No.290686 चलानी नं. ६०२०५९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautician | 0 | 1 | 1700 | ५०,६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 0 | 1 | 1000 | ३६,१६५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1400 | ५०,६३५ | | | | | | | |

कम्पनी : SUNLIGHT CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No.290679 चलानी नं. ६०२०५९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Gen. | 2 | 0 | 1200 | ४३,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 2 | 1400 | ५०,६३५ | | | | | | | |
| 3 | Executive Sales | 0 | 1 | 2100 | ७५,९५० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 2500 | ९०,४२० | | | | | | | |

कम्पनी : ZAROQ TRADING CONSTRUCTION, CLEANING & HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No.290680 चलानी नं. ६०२०५९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 6 | 0 | 1000 | ३६,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 7 | 0 | 1400 | ५०,६३५ | | | | | | | |
| 3 | Gen Clean Worker | 7 | 0 | 1000 | ३६,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777

E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com

Website : www.sunlightrecruitment.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### आँखा पाक्ने रोगबाट बचौं

मौसम परिवर्तन भएसँगै अस्पतालहरूमा आँखा पाक्ने रोगका बिरामी बढ्न थालेका छन् । दिनदिनै यसखाले रोग बढ्न थालेकाले सर्वसाधारण आत्तिन थालेका छन् । देशभरका बालबालिकादेखि वयस्कसम्म यस्तो रोग देखिन थालेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार आँखा पाक्ने यो भाइरल रोग हो । वैज्ञानिक भाषामा यसलाई 'कञ्जङ्टिभाइटिस' भनिन्छ ।

हरेक वर्ष आँखामा लाग्ने यस्तो रोगको संक्रमण देखिने गर्छ । आँखा रातो हुने, आँखामा कचेरा जम्ने, आँखा बन्द भएर खोल्न गाह्रो हुने, आँशु बगिरहने र उज्यालोमा हेर्न नसकिने जस्ता समस्या आँखा पाक्दा व्योहोर्नुपर्छ । त्यसैगरी आँखा चिलाउने, आँखाको ढकनी रातो हुने, सुन्निने, आँखा बिझाउने र दुख्ने लक्षण देखिन्छ । यो रोग संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्छ । यसबाट बच्नका लागि संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने, विद्यालय, बजार र संक्रमित व्यक्ति भीडभाडमा हुने ठाउँ र सार्वजनिक स्थानमा नजाने, संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना प्रयोग गर्न नहुने चिकित्सकहरू बताउँछन् । कालो चस्मा लगाउँदा यस्ता रोग नलाग्ने कतिपय बताउँछन् । तर यो सत्य नभएको चिकित्सकहरूको सुझाव छ ।

यद्यपि सरकारले यस्तो रोग लागेमा आत्तिनु नपर्ने जनाएको छ । मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीका अनुसार अहिले मुलुकभरका विभिन्न ठाउँमा आँखा पाक्ने रोग देखिएकाको छ । घरमै आँखाको स्याहार गरे संक्रमण एकदेखि दुई हप्ताभित्रमा निको हुने अधिकारी बताउँछन् । जथाभावी आँखा नछुने, छुनु परेमा साबुन पानीले राम्ररी हात धुने, आँखालाई चिसोले सेक्ने र सेक्दा आँखा बन्द गरेर मात्रै सेक्ने, आँखा नमिच्ने, प्रशस्त मात्रामा पानी तथा पोषिलो खाना खाने, बाहिर घाममा निस्कँदा कालो चस्माको प्रयोग गर्ने, संक्रमित व्यक्तिले प्रयोग गरेका सामान राम्ररी धोएर मात्रै प्रयोग गर्नुपर्ने सुझाव छ ।

सरकारले नआत्तिन सुझाव दिएर पन्छिन हुँदैन । रोग उपचारका लागि अस्पतालमा भीडभाड हुन्छ । अरु रोगका बिरामी पनि अस्पताल आइपुगेका हुन्छन् । भीडभाडले उनीहरूमा यस्ता संक्रमण चाँडै फैलन सक्छ । त्यसैले सरकारले यस्ता खाले रोगका लागि विशेष उपचारको व्यवस्था गर्नुपर्छ । संक्रमित बिरामीलाई 'भर्चुअल' माध्यममा चिकित्सकबाट परामर्श लिन मिल्ने सेवा सरकारले दिएमा त्यो सबैभन्दा सहज र राम्रो उपाय हुन सक्छ । कोभिड–१९ को समयमा सरकारले थालेको 'भर्चुअल परामर्श'लाई अहिले पनि निरन्तरता दिएमा प्रभावकारी हुने देखिन्छ । जसले अस्पतालमा बिरामीको लाइन त नलाग्ने नै भयो संक्रमणका डर कम हुन्छ ।

## मननयोग्य

### चाणक्य नीति

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको को उनको मुखमा प्रकट भइरहेथ्यो। सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाई गरेका भए त्यो आँधी रोक्न सक्ने क्षमता थियो र नन्दमा ? क्रमशः

# 'भिभिआइपीहरूको उपचार स्वदेशमै गर्न पाउँदा उत्साहित छौं'



डा. भगवान कोइराला
वरिष्ठ मुटुरोग विशेषज्ञ

नेपालमा आम जनमानसमा निकै परिचित र कहलिएका डाक्टरको नाम हो **भगवान कोइराला** । उनले गरेको उपचारबाट नयाँ जीवन पाएकाहरु त उनलाई साक्षात भगवान् नै मान्दछन् । उनले नेपालमा मुटुरोगको उपचारलाई अत्यन्त विश्वसनीय र भरोसायोग्य बनाइदिएका कारण पनि आमनेपालीको उनीप्रति अत्यन्त विश्वास र श्रद्धा छ । उनमा विषयगत क्षमता मात्रै होइन, उच्च मानवीय भावना पनि छ । हालसम्म उनी आफैंले र आफ्नो प्रत्यक्ष निगरानीमा १४ हजारभन्दा बढी मुटुरोगीको शल्यक्रिया गरिसकेका छन् अर्थात् उनीहरूलाई नयाँ जीवन प्रदान गरेका छन् । केही समयअघि उनले हृदय नामक पुस्तक पनि बजारमा ल्याएका थिए, जुन पुस्तक सर्वाधिक बिक्री भएका पुस्तकहरूको सूचीमा पनि परेको छ । पुस्तकमा जीवनमा भोगेका संघर्षका अनुभव, उनले देखेका स्वास्थ्य क्षेत्रका समस्या सुल्झाउने उपाय र चिकित्सा शिक्षाका विविध विषयलाई समेत विश्लेषणात्मक धारणासहित समावेश गरेका छन् । नेपालको स्वास्थ्य क्षेत्रमा रहेका तमाम समस्या र सम्भावनाको जीवन्त चित्रण कोरिएको यो पुस्तक पढेपछि लगनशील, मिहिनेती र कुशल चिकित्सकको कथामात्र नभई उनको व्यवस्थापकीय गुणबारे अवगत हुन्छ । कुनै पनि काम सुरू गरिसकेपछि त्यसलाई जुनै हालतमा सम्पन्न गरिछाड्ने भगवानको शैली जहाँ जुनसुकै क्षेत्रका लागि पनि उदाहरण बन्न सक्दछ । प्रस्तुत छ, वरिष्ठ मुटुरोग विशेषज्ञ प्राध्यापक तथा सामाजिक अभियन्ता डा. कोइरालासँग *रासस*का आलेख प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानीः

**नेपालमा मुटुरोगीको संख्या बढ्दो देखिन्छ । यसको मुख्य कारण के होला ?**

नेपालमा मुटुरोगीको संख्या वास्तवमै वृद्धि भइरहेको छ । यसो हुनुको मुख्य कारण जीवनशैली, आहारविहार नै हो । पछिल्लो समय क्षयरोग, मलेरिया, झाडावान्ताजस्ता सर्ने रोगको संक्रमण घट्यो तर मुटुरोगजस्ता नसर्ने रोगको प्रकोप बढ्न थाल्यो । नेपालीको औसत आयु बढेसँगै नसर्ने रोगको चाप पनि बढेको देखिन्छ । खासगरी पछिल्लो समय युवा वर्गमा मुटुरोगको समस्या देखिनुको मुख्य कारण खानपिन र खराब जीवनशैली नै हो ।

**मुटुरोग लाग्न नदिन के कुरामा ध्यान दिनुपर्ने हुन्छ ?**

मुटुरोगका कतिपय कारण जस्तैः उमेर, लिंग, जेनिटिकजस्ता कुराहरू हाम्रो अधीनमा हुँदैनन् । तर धेरैजसो जोखिम न्यूनीकरण हाम्रै हातमा हुन्छन् । धूमपान तथा मद्यपान नगर्ने, जीवनशैलीमा परिवर्तन तथा नियमित व्यायाम एवं मोटोपन घटाएमा मुटुरोग लाग्नबाट बच्न सकिन्छ । वायु प्रदूषणले पनि मुटुरोगलगायत विभिन्न स्वास्थ्य समस्या ल्याउने गरेको छ । समयमै गर्न सकिने उपचारप्रति बेवास्ता गर्ने वा हेलचेक्र्याइँ गर्ने बानीले पनि पछि गएर गम्भीर समस्या ल्याउने गरेको छ । बालबालिकालाई घाँटीमा सामान्य समस्या हुँदा समयमै उपचार नहुँदा पछि गएर उनीहरू मुटुका रोगी बन्नुपरेको छ । मानिसहरूमा आध्यात्मिक चिन्तन, योग, ध्यान गर्ने आदत बढाउन सकेमा शरीरमा स्वतः सकारात्मक ऊर्जा उत्पन्न हुन्छ । यसले मुटुलगायत कुनै पनि जटिल समस्या आउन नदिन सहयोग पुग्छ ।

**नेपालमा मुटुरोगको उपचार सेवाको पहुँच आमजनतासम्म कसरी पुऱ्याउन सकिएला ?**

स्वास्थ्य सेवा पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हुँदा सबैको पहुँचमा पुऱ्याउन आवश्यक छ । कतिपय स्वास्थ्य सेवालाई विकेन्द्रित गरी स्थानीय तहसम्म पुऱ्याउन जरुरत हुन्छ भने कतिपयलाई केन्द्र वा प्रमुख सहरी क्षेत्रसम्म पुऱ्याउँदा पनि हुन्छ । मुटुरोगको प्रारम्भिक पहिचान गर्न सकिने स्वास्थ्य सेवालाई विकेन्द्रित गरी जिल्ला अस्पतालदेखि स्थानीय तहका स्वास्थ्य केन्द्रहरूमा पुऱ्याउनुपर्छ । विशेषज्ञसहितको सेवालाई राजधानीलगायत प्रमुख सहरहरूमा पुऱ्याउनुपर्छ । अहिले काठमाडौंमा गंगालाल, मनमोहन कार्डियो थोरासिक सेन्टरमा मुटुरोगको सम्पूर्ण उपचार सेवा उपलब्ध छ । वीर अस्पतालमा असीको दशकमा सुरु भएकामा बीचमा केही वर्ष बन्द भएको र अहिले पुनः सञ्चालनमा ल्याइएको छ भने उपत्यकाबाहिर चितवन, पोखरा, बुटवल, नेपालगञ्ज, वीरगञ्ज, धरान, विराटनगर र झापामा मुटुरोगको स्तरीय उपचार सेवा उपलब्ध छ ।

**नेपालको मुटुरोगको उपचार सेवा विश्वका अन्य देशको तुलनामा कत्तिको स्तरीय छ ?**

नेपालमा मुटुरोगको उपचार सेवालाई हेर्दा विश्वका अन्य देशको तुलनामा कमजोर मान्न सकिँदैन । धनी देशको तुलनामा प्रविधिमा केही कमी छ तर नेपाली चिकित्सकहरू त्यहाँका भन्दा कम हुनुहुन्न । नेपालको आमजनतालाई चाहिने शल्यक्रियासहितको उपचार सेवा नेपालमा उपलब्ध छ । गंगालाल हृदयरोग केन्द्र देशकै महत्त्वपूर्ण अस्पतालमा रूपान्तरण भएको छ । त्यस्तै मनमोहन कार्डियो थोरासिक सेन्टर पनि उत्तिकै प्रभावकारी रहेको छ ।

**तपाईंकै पहलमा "काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ" (किओच) स्थापना गर्दै हुनुहुन्छ । यस्तो अस्पताल स्थापना गर्नुपर्ने के आवश्यकता देख्नुभयो ?**

बाल स्वास्थ्यलाई समग्र रूपमा हेरिनुपर्छ, मुटुको उपचारका रूपमा मात्रै होइन । स्वास्थ्य सेवामा लागेको लामो अनुभवबाट यो निष्कर्षमा पुगिएको छ । समयमा सम्पूर्ण उपचार नपाएको कारण धेरै बच्चाहरूले जुन पीडा भोगे, त्यसकै कारण अस्पतालको आवश्यकता महसुस भयो । त्यही अभाव पूरा गर्न पैसाको कमी वा प्रविधिको कमी वा पहुँचको कमीबाट कुनै पनि बालबालिकाले ज्यान गुमाउनु नपरोस् भन्ने हेतुले बाल अस्पताल निर्माणको योजना बनाएँ । कान्तिजस्तो बालबालिकाको डेडिकेटेड अस्पतालले यो सेवा विकेन्द्रीकृत गर्नुपर्ने थियो तर विविध कारणले कार्यान्वयन गर्न सकेको छैन । त्यसैले सरकारको सहयोगमा सात प्रदेशमा सात स्याटेलाइट सेन्टरसहित काठमाडौंमा एक विशिष्टीकृत बाल अस्पताल (काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ' (किओच)) नामक बाल अस्पताल निर्माण गरिँदै छ । पैसा तिर्न नसक्नेले निःशुल्क उपचार सेवा पाउँछन् । त्यसको पहिलो प्रदेश शाखाका रूपमा झापाको दमकमा अस्पताल सञ्चालनमा आइसकेको छ ।

**बाल अस्पताल नै खोल्नुपर्ने इच्छा कसरी जागृत भयो ?**

नेपालमा जन्मिने प्रत्येक १०० जना बालबालिकामध्ये तीन-चारजनाले आफ्नो पाँचौं जन्मदिन देख्न पाउँदैनन् । आधारभूत स्वास्थ्य सेवा र बेलैमा विशिष्टीकृत उपचार नपाएका कारण ती बालबालिकाहरूले ज्यान गुमाएका छन् । मलाई नेपालमा बालबालिकाको उपचारका निम्ति विशिष्टीकृत अस्पतालको अभाव खड्किँदै आएको थियो । त्यही अभाव पूरा गर्न र पैसा अनि पहुँच नभएका वा भएर पनि नेपालमा उपचार सम्भव नभएका कारण कुनै पनि बालबालिकाले अकालमै ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले नै बाल अस्पताल स्थापना गर्ने इच्छा जागृत भएको हो ।

**सरकारले हालै उच्च ओहोदाका व्यक्तित्वहरूको उपचार स्वदेशमै गर्नका लागि तपाईंसमेत रहेको एक समिति गठन गरेको छ । यसलाई तपाईंले कसरी लिनुभएको छ ?**

सरकारले नेपालको स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधार हुनाका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भइरहेको अवस्थामा राज्यको महत्त्वपूर्ण निकायमा कार्यरत अति विशिष्ट व्यक्ति (भिभिआइपी) र विशिष्ट व्यक्ति (भिआइपी) को स्वास्थ्य उपचारमा बर्सेनि ठूलो रकम विदेशमा गइरहेको र देशभित्रको स्वास्थ्य उपचार सेवाको विश्वास नगरे जस्तोसमेत देखिएकाले स्वास्थ्य उपचार समिति गठन गरेको छ । यसले एउटा सकारात्मक सन्देश जनतामा गएको छ । तर यस किसिमको स्वास्थ्य सेवा भिआइपीलाईलाई मात्र दिने भन्ने नभई सबै जनताले स्वदेशमै पाउँछन् भन्ने सन्देश आवश्यक छ । एउटै (वीर) अस्पतालबाट सेवा दिन कत्तिको सम्भव होला ? भिआइपीहरूको चाहना र व्यावहारिकतालाई पनि हेर्नुपर्ने हुनसक्छ । जे होस् विशेष चिकित्सकको समूह निर्माण गर्नेलगायतका विशिष्टीकृत चिकित्सकीय विधि तथा प्रक्रियाबमोजिम उपचारको व्यवस्थापनको कार्यविधि तयार गरी सबै मुख्य अस्पतालहरूबाट उपचार व्यवस्थापन गर्न सकिन्छ । विशिष्टीकृत व्यक्तिको स्वदेशमा उपचार गर्दा सरकारी ढुकुटी पनि जोगिने र चिकित्सकमाथि विश्वास पनि हुने भएकाले हामी चिकित्सकहरू खुसी नै भएका छौं ।

**केही समयअघि यहाँको हृदय नामक पुस्तक पनि प्रकाशित भएको छ । पुस्तक लेख्ने उत्प्रेरणा कसरी मिल्यो ?**

मैले अध्ययनपछि विभिन्न स्वास्थ्य संस्थाहरूमा रहेर काम गर्ने अवसर पाएँ । जोखिम र जटिल किसिमको स्वास्थ्य सेवा स्थापित गर्न कस्तो किसिमको हण्डर खानुपर्छ भन्ने बारेमा पुस्तकमा उल्लेख गरेको छु । आफूले जीवनमा भोगेका संघर्षका अनुभवदेखि स्वास्थ्य क्षेत्रका समस्या सुल्झाउने उपाय र चिकित्सा शिक्षाका विविध विषयलाई समेत विश्लेषणात्मक धारणा राखेको छु । ३० वर्षे जागिरे जीवनका अनगिन्ती यादहरू समेटिएको पुस्तकमा अनेक तनाव, छटपटी र खुसीका क्षणहरू पनि पाउनुहुनेछ । जो सुकैले पनि प्रतिबद्ध भएर लाग्यो भने जस्तोसुकै समस्याको पनि समाधान गरी सफलता पाउन सक्छ भन्ने सन्देश दिन खोजिएको छ ।

## पत्र–मञ्जुषा

### निर्माण व्यवसायीसँग झुक्ने कि कारबाही गर्ने ?

सर्वसाधारणले तिरेको करबाट देशमा विकास हुने हो । सरकारले निर्माण व्यवसायीलाई ठेक्का दिन्छ, त्यसबापत उनीहरूले पाउने भुक्तानी पनि जनताले तिरेकै करबाट हो । अधिकांश ठेक्कापट्टा आर्थिक चलखेलमै हुने गरेको छ । सरकारी कर्मचारी, सम्बन्धित निकायका प्रमुख र राजनीतिक दललाई घुस दिएर उनीहरूले ठेक्का हात पार्छन् । ठेक्का हात पार्नेबित्तिकै व्यवसायीहरूले सुरुमै ३० प्रतिशत भुक्तानी लिन्छन् ।

उनीहरूले दुई वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने भनेर सम्झौता गरेका हुन्छन् । तर, त्यो १० वर्षसम्म पनि सम्पन्न हुँदैन, किन ? दुई वर्षमा सिध्याउने भनिएको काम वर्षौंसम्म अलपत्र हुन्छ । ठेकेदार कम्पनी आफैंले त्यहाँको स्थानीय उचाल्ने, गुण्डा लगाउनेलगायतका काम गर्छन् । अनि त्यसलाई नै कारण देखाउँछन् । एकातिर समय धेरै लाग्छ, अर्कोतिर पैसाको खर्च पनि उत्तिकै ।

तीन करोडमा सम्झौता गरेको ठेक्कामा १५ करोड खर्च गरिसक्दा पनि सम्पन्न हुँदैन । निर्माण व्यवसायीले अलिकति काम सुरु गरेकोजस्तै गर्छन्, अनि त्यतिकै अलपत्र पारिदिन्छन् । यता, सरकारमाथि आर्थिक भार थपिन्छ, जनताले त्यो निर्माण सकेर प्रयोग गर्न पाउने त कहिलेकहिले । ठेकेदारले ठेक्का लिने तर काम नगरिदिने हुँदा सर्वसाधारणलाई सास्ती भइरहेको छ ।

खस्रै पनि कति ठाउँमा पुल बनेको छैन । सम्झौता भएको छ तर वर्षौं बितिसक्दासमेत काम सुरु भएकै छैन । कतै पिल्लर मात्र हालेर छाडिएको छ । पुल नहुँदा तुइनको सहाराबाट खोला तर्नुपर्ने बाध्यता अझैपनि छ । खोलामा परेर ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य अझैसम्म पनि हुन सकेको छैन । सरकारी भवनहरू नै अलपत्र पारेर छाडिएको छ । समयमै निर्माण भएका पूर्वाधारहरू पनि कमसल छन् ।

कतै पिच गरेको महिनादिनमै उक्किन्छ, कतै पुलको निर्माण सम्पन्न भएको दुई महिनामै भत्किन्छ । महिनादिन अगाडि मात्रै पिच गरेको सडकमा ठूलठूला भ्वाङ भनेर समाचारहरू आइरहेका हुन्छन् । निर्माण व्यवसायीको उद्देश्य जसरी हुन्छ नाफा कमाउनु हो । बढी नाफा कमाउनका लागि उनीहरूले कमसल सामान प्रयोग गर्छन् । जसले गर्दा विकास टिकाउ हुँदैन ।

महिनैपिच्छे एकै ठाउँमा कालोपत्रे गर्नुपर्ने अवस्था हामीकहाँ छ । विकासको नाममा आँखामा छारो हाल्ने काम भइरहेको छ । तैपनि सरकार निर्माण व्यवसायीको अगाडि निरीह छ । कमिसनको लोभमा परेका सरकारका उत्ताधिकारीहरू निर्माण व्यवसायीसमक्ष चुइक्क आवाजसमेत निकाल्न सक्दैनन् । निर्माण व्यवसायीहरूले राज्यलाई राजस्व छलेर, कमसल सामग्री प्रयोग गरेर अंकुत सम्पत्ति जोडेका छन् ।

वास्तवमा भन्ने हो भने निर्माण व्यवसायीले राज्यको सम्पत्तिमाथि हानिनोक्सानी पुऱ्याइरहेका छन् । तर, उनीहरूको सम्पत्ति न अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गर्छ, न सम्पत्ति शुद्धीकरण विभागले । ठेक्का पाउनका लागि तल्लो तहदेखि माथिल्लो तहसम्म पावर लगाउनुपर्छ भनेर निर्माण व्यवसायी आफैंले भनिरहेका हुन्छन् । ठेक्का पाउनका लागि निर्माण व्यवसायीले जोडबल लगाउँछन् ।

किन कि त्यसपछि त त्यो दुहुनो भैंसी हुन्छ । वर्षैंपिच्छे सोही ठेक्काका लागि भुक्तानी लिने अनि राज्यको पैसा खाइरहने । त्यसैले त मुलुक विकास हुन नसकेको हो । एउटै कामका लागि पटकपटक बजेट छुट्याउनुपर्छ । सरकारले विदेशीसँग ऋण लिएर र जनताले तिरेको करबाट विकासका लागि बजेट छुट्याएको हुन्छ । तर, बेलैमा काम सम्पन्न नहुँदा राज्यलाई घाटा भएको छ भने जनताले सास्ती पाइरहेका छन् ।

विदेशी ऋण थपिएको छ तर, विकास कहींकतै भएको छैन । बर्खामा बाटो हिलो, हिँउदमा धुलैधुलो । वर्खामा चिप्लिँदै यात्रा गर्नुपर्ने हुन्छ । निर्माण व्यवसायीहरूले पैसा लिन्छन् तर, काम गर्दैनन् । आफ चिल्ला कारमा चढेर हिँड्छन् तर, जनताले पाएको दुःख देख्दैनन् ।

निर्माण व्यवसायीहरू सरकारलाई गलाउनतर्फ लागिपरेका छन् । सरकारले राम्रो काम गर्नेलाई सम्मान गर्नुपर्छ, गल्ती गर्नेलाई कारबाही । निर्माण व्यवसायीले राम्रो काम गरेकै छैनन् । निर्माण व्यवसायीसंग जनताका गुनासै गुनासो छ । राजनीतिक आडमा निर्माण व्यवसायी बन्ने अनि पछि आफैं राजनीतिज्ञ बन्ने । यो क्रममा रोक लगाउनुपऱ्यो । राजनीतिक दलले पर्दाभित्र बसेर निर्माण व्यवसायीलाई सहयोग गर्नुहुँदैन ।

*– सविन राई, धुम्बाराही*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# अनुमति नलिई राजमार्गमा 'आरएटी' परिचालन गरेपछि विवादमा रास्वपा

■ प्रभाव संवाददाता

**चितवन–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नारायणगढ-मुग्लिन सडकखण्डमा अवैधानिक रूपमा तत्काल प्रतिकार्य समूह (आरएटी) परिचालन गरेको पाइएको छ । रास्वपाले स्थानीय प्रशासनको अनुमति नलिई आरएटी परिचालन गरेको पाइएको हो ।

जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बुधबार एक सूचना जारी गर्दै कुनै अमुक दल तथा सोअन्तर्गतका संगठनको पहिरो पन्छाउन सहयोग नलिइएको र लिन स्वीकृत पनि नदिइएको बताए ।

उक्त सडक खण्डअन्तर्गत कालीखोलामा मंगलबार लेदोसहित पहिरो खसेर सडक अवरुद्ध भएकामा स्थानीय प्रशासन, प्रहरीको टोली तथा राज्यका अंगको पहलमा पहिरो पन्छाई सडक सञ्चालन गरिएको उनले बताए । अहिले ट्राफिक व्यवस्थापनको कार्यसमेत नियमित रूपमा भइरहेको जनाउँदै प्रजिअ पौडेलले यस कार्यका लागि सरकारी निकाय सक्षम रहेको बताए ।

सूचनामा भनिएको छ, 'पहिरो पन्छाइ सडक सञ्चालन भइसकेको र ट्राफिक व्यवस्थापनसमेत नियमित रूपमा भइरहेकामा कुनै अमुक दल वा सोअन्तर्गतका संगठनको सहयोग नलिइएको र लिन स्वीकृति पनि नदिइएको जानकारी गराइन्छ ।'

रास्वपा आबद्ध युवाले आरएटी लेखिएको सञ्चार उपकरण (वाकिटकी) सहित फोटो सामाजिक सञ्जालमा पोस्ट गरेको देखिएकामा पहिरो पन्छाउँदा प्रयोग गरिएका उक्त सामग्री स्वीकृति र दर्ता भए/नभएकोसमेत छानबिन गर्न प्रहरीलाई निर्देशन दिइएको सूचनामा जनाइएको छ ।

'प्रकृतिक विपद्का यस्ता घटनाको राहत, उद्दार र व्यवस्थापन गर्न सुरक्षा निकायलगायत राज्यका अंगहरू सक्षम रहेको जानकारी गराउँदछौं । ठूला विपद्का घटनामा राजनीतिक दल, नागरिक समाजलगायत सर्वसाधारणबाट समेत सहयोग लिन सकिनेछ,' सूचनामा भनिएको छ, 'यसरी सहयोग लिँदा कुनै दल विशेष वा संगठनको परिचयपत्रविना स्वयम् सेवामा खटिने व्यक्तिले जिल्लास्थित स्थानीय विपद् व्यवस्थापन समितिको स्वीकृत लिई सुरक्षाकर्मीसँगको समन्वयमा उद्दार कार्यमा खटिनसक्ने छन् ।'

रास्वपा पार्टीका सभापति रवि लामिछाने चितवन क्षेत्र नं २ मा निर्वाचित भएको १०० दिनमा यहाँ आयोजना गरिएको कार्यक्रममा जनहितका लागि कार्यक्रम घोषणा गरिएको बताएका थिए । सोही कार्यक्रमअन्तर्गत आरएटी परिचालन गरिएको थियो ।

सोही दिन मोबाइल क्लिनिकमा प्रयोग भएको एम्बुलेन्स विवादमा परेपछि परिवर्तन गरिएको थियो ।

यसैबीच रास्वपाले बुधबार नै विज्ञप्ति जारी गरी स्थानीय प्रशासनको अनुमति लिएर मात्रै सहयोगमा खटिन आरएटी समूहलाई निर्देशन दिएको छ ।

## प्रविधिमैत्री बनाइँदै विद्यालय

**अर्घाखाँची–** अर्घाखाँचीको सन्धिखर्क-२ शंखेटारीस्थित भगवती माध्यमिक विद्यालयलाई प्रविधिमैत्री बनाउन २२ लाख मूल्य बराबरको सामग्री हस्तान्तरण गरिएको छ ।

विद्यालयका पूर्वविद्यार्थीको पहलमा सूर्य नेपाल नामको सस्थाले कम्प्युटर, ल्यापटप, प्रोजेक्टरलगायतका ती मूल्य बराबरका सामग्री विद्यालयलाई हस्तान्तरण गरिएको हो। सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउन तथा समयसापेक्ष शिक्षा प्रदान गर्नका लागि विद्यालयका पूर्वविद्यार्थी सरकारका सहसचिव बाबुराम गौतम, कानुन उपसचिव हरिहर पौडेल, पूर्वविद्यार्थी नारायण गौतम, अनिल भुसाललगायतको पहलमा उक्त सामग्री विद्यालयलाई प्रदान गरियो ।

आफूले पढेको विद्यालयमा केही सहयोग गर्नुपर्छ भन्ने मान्यताका साथ र सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि गर्न प्रविधीमैत्री सामग्री हस्तान्तरण गरिएको विद्यालयका पूर्वविद्यार्थी तथा सामग्री ल्याउन पहल गरेका बाबुराम गौतमले बताए । फ्लेक्स बोर्ड, क्यामेरा, पाँच वटा डेक्सटप कम्प्युटर, चार वटा प्रिन्टर, चारवटा ल्यापटप, दुईवटा टिभी, एक वटा इन्भर्टर र एक वटा इन्भर्टरको ब्याट्रीलगायतका सामग्री विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामबहादुर भुसाल र विद्यालयका प्रधनाध्यापक ध्रुव केसीलाई हस्तान्तरण गरिएको छ ।

पूर्वविद्यार्थीको पहलमा विद्यालयमा अत्यावश्यक सामग्री प्राप्त भएको र यसले विद्यालयको पठनपाठनमा धेरै सजिलो हुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामबहादुर भुसालले बताए । उनले प्रविधिको प्रयोग गरेर विद्यार्थीलाई अध्यापन गराउन सहयोग पुग्ने र विद्यालयको गणस्तरमा पनि वृद्धि हुने अपेक्षा रहेको बताए । पछिल्लो समयमा सामुदायिक विद्यालयको गुणस्तर खस्किरहेको समयमा पनि यस विद्यालय जिल्लामै सामुदायिक विद्यालयमध्ये उत्कृष्ट विद्यालयको सूचीमा पर्ने गर्दछ । यो विद्यालय गत वर्षको एसइई परीक्षाको नतिजामा सामुदायिक विद्यालयतर्फ प्रथम स्थान हासिल गर्न सफल भएको विद्यालयका शिक्षक शोभाखर पन्थीले जानकारी दिए ।

शिक्षाका कारण बसाइँसराइ बढेर गाउँका सामुदायिक विद्यालय खाली हुँदै गइरहेका छन्। सामुदायिक विद्यालय खाली भइरहेको समयमा विद्यार्थीलाई आधुनिक तरिकाबाट शिक्षा प्रदान गर्न आवश्यक रहेको जिल्ला शिक्षा समितिका अध्यक्ष तथा जिल्ला समन्वय कार्यालयका प्रमुख जीवनारायण कोइरालाले बताए। उनले सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न र प्रविधिमैत्री बनाउन सबै लाग्नुपर्ने बताए । *रासस*

## बाढीले बगाएर बेपत्ता ६ मध्ये २ जनाको शव फेला

**बागमती (प्रस)–** मकवानपुरकोबागमती गाउँपालिकामा गएको पहिरोमा बेपत्ता भएकामध्ये दुईजनाको शव बुधबार फेला परेको छ ।

बागमती-५ सिग्रेदोभानमा मंगलबार बिहान गएको पहिरोमा परी बेपत्ता भएका अक्कलबहादुर स्याङतान र उनकी २२ वर्षीय छोरी शीला स्याङतान १० किलोमिटर टाढा सिन्धुलीको हरिहरपुरगढीस्थित बागमती नदी बगरमा फेला परेको प्रहरीले जनाएको छ ।

पहिरोमा परेका अझै तीनजना बेपत्ता रहेका छन् । अक्कलबहादुरका २५ वर्षीय ज्वाइँ जीवन पहरी, चार वर्षीया नाति मिलन पहरी, डेढ वर्षीय नातिनी दिव्या पहरी अझै फेला पर्न नसकेको र उनीहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पहिरोमा परी हिजो एक जनाको मृत्यु भएको थियो भने छ जना बेपत्ता भएकामा १६ वर्षीय पासाङ घिसिङलाई १५ घण्टापछि जीवितै उद्दार गरी हेटौंडा अस्पताल ल्याइएको थियो ।


### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/२५ गते)

श्री डावा शेर्पाको छोरी, श्रीमान् गेम्बु शेर्पाकी पत्नी स्थायी ठेगाना खोटाङ जिल्ला, वाकाचोल गा.वि.स. वडा नं. ९, हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ०२, भूमिस्थली (साबिक नयाँपाटी गा.वि.स वडा नं. २) बस्ने पेमदिकि शेर्पाको मिति २०७९/०८/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको नयाँपाटी शाखामा रहेको खाता नं १९२०१३०५४५४०००० मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा श्री डिमा छेची शेर्पाले यस बैंक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज श्री डिमा छेची शेर्पा बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय नयाँपाटी, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँपाटी, काठमाण्डौ सम्पर्क नं.: ०१-४८०१३०४/०५



## रोमनीयामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORK INN LOCATIONS SRL

पूर्व स्वीकृति मिति : २०७९/०८/१२ पून : विज्ञापन स्वीकृति मिति : २०८०/०४/२४ LT No.276639 चलानी नं. ६०१९२६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agri, Worker | 10 | 0 | 550 | ७२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 1 | 550 | ७२,८४० | | | | | | | |
| 3 | Construction Worker | 9 | 0 | 600 | ७९,४६५ | | | | | | | |
| 4 | Cook Helper | 13 | 0 | 550 | ७२,८४० | | | | | | | |
| 5 | General Worker | 6 | 8 | 550 | ७२,८४० | | | | | | | |
| 6 | Waiter | 12 | 0 | 550 | ७२,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति: (समय - ९:00 बजे)
होटल बरन्डा, इटहरी उप-महानगरपालिका, सुनसीमा भाद्र ४ गते (21st August, 2023)
बाजेको सेकुवा, पोखरा महानगरपालिका पोखरा, कास्कीमा भाद्र ५ गते (22nd August, 2023) र
कालिञ्चोक खड्का पार्टी प्यालेस, काठमाडौं महानगरपालिका, काठमाडौंमा भाद्र ६ गते (23rd August, 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ५०,०००।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shalmani Overseas Pvt. Ltd.**
Koteshwar-32, Kathmandu, Nepal, Head Office: 01-5147227/5147228/9847906630
Pokhara branch : 061591499/9802854022, Itahari branch : 9800910067/025-590307
Chitwan branch : 9812423422/056-513916/9744349472, info@shalmanioverseas.com
श्रम ईजाजत नं. ८२८/०६६/०६७



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MOUDI AL- MUTAIRI TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No.290628 चलानी नं. ६०२०५९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Operator | 1 | 0 | 2000 | ७०,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी: DORRAT AL TAL COMPANY FOR METAL INDUSTRIES

पूर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No.290696 चलानी नं. ६०२०५९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANAA HOSPITALITY COMPANY FOR CATERING SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२३ LT No.290603 चलानी नं. ६०२०५८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 5 | 0 | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR FACTORY FOR POLYSTYRENE PRODUCTS

पूर्व स्वीकृति मिति २०७८/०६/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२४ LT. No. 246265 चलानी नं. ६०१९३९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Machine Operator | 4 | 0 | 2000 | ७२,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic.No- 1168/073/074



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACOTECH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२४ LT. No. 284062 चलानी नं. ६०१९९५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LEBROTHERS CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/२२ LT. No. 290563 चलानी नं. ६०२०५९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 25 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SENDANA UNITED CONT.CO.

पुर्व स्वीकृति मिति २०८०/०४/२३ LT. No.290629 चलानी नं. ६०२०५८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 4 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facilities Cleaning Worker | 20 | 0 | 1000 | ३५,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३ गते (20th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAHAA ABDULAZIZ MOHAMMED AL-DOSARI FAST FOOD RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No. 290728 चलानी नं. ६०२०५९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROBOU AL-SAMMAN FACTORY FOR READY MIX CONCRETE

पुर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No. 290580 चलानी नं. ६०२०५८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 1 | 0 | 1000 | ३५,२२५ | | | | | | | |

कम्पनी : SARAH AHMED ABDULLAH AL-HAMZANI CAFÉ TO SERVE DRINKS

पुर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No. 290650 चलानी नं. ६०२०५८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMI AND MUATH ABDUL RAHMAN AL LUHAIDAN TRADING, CONTRACTING AND TRANSPORTATION COMPANY

पुर्व स्वीकृति मिति २०८०/०४/२४ LT. No. 290582 चलानी नं. ६०२०५८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARYAM BANDAR FARHAN AL-ENEZI RESTAURANT FOR SERVING MEALS

पुर्व स्वीकृति मिति २०८०/०४/२३ LT. No. 290651 चलानी नं. ६०२०५८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL RAHMAN BIN MOHAMMED AL-LOHAYDAN TRADING EST. FOR TRANSPORTATION

पुर्व स्वीकृति मिति २०८०/०४/२३ LT. No. 290581 चलानी नं. ६०२०५८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८५/०५७/०५८

# प्रभाव दैनिक

बिहीबार, २५ साउन २०८० (Thursday, August 10, 2023)





### किलिमञ्जारो आरोहण गर्दै अभिनेत्री दीया

अभिनेत्री दीया पुनले अफ्रिकाको सबैभन्दा अग्लो हिमाल किलिमन्जारोको आरोहण गर्ने भएकी छन् । उनले उक्त हिमालको आरोहण २७ साउनबाट थाल्नेछिन् । किलिमन्जारो आरोहणका लागि उनी अहिले अफ्रिका पुगिसकेकी छन् । ५ हजार ८ सय ९५ मिटर उचाइको किलिमन्जारो चढेसँगै उनको ७ महादेशका अग्ला हिमाल चढ्ने लक्ष्य मध्य तीन पुरा हुनेछ । दीयाले अघिल्लो वर्षको जेठमा विश्वकै सबैभन्दा अग्लो हिमाल सगरमाथाको सफलता पूर्वक आरोहण गरेकी थिइन् । यसअघि उनले ८ हजार १६३ मिटरको संसारको आठौँ अग्लो मनासलु समेत आरोहण गरिसकेकी छन् । सन् २०१८ मा अर्जेन्टिनास्थित ६ हजार ९६१ मिटर अग्लो माउन्ट अकोनकागुवाको उनले आरोहण गरेकी थिइन् ।



# मिल्यो 'उपहार'बारे रेखा र सुलक्षणको विवाद

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री रेखा थापाले निर्माण गर्न लागेको पछिल्लो फिल्म 'उपहार'को स्क्रिप्ट विवाद मिलेको छ । लेखक सुलक्षण भारतीको नाम नै फिल्मको कथा, पट्कथा र सम्वादमा राख्ने सहमति भएपछि विवाद मिलेको हो । स्क्रिप्ट विवाद मिलेको फिल्मका निर्देशक ज्ञानेन्द्र देउजाले सामाजिक सञ्जालबाट जानकारी दिएका छन् ।

उनले भनेका छन्, 'चलचित्र निर्माण एक सामूहिक काम हो । यो परिवार भित्रको सामान्य मिस अण्डर्स्ट्याण्डीले विवाद निम्त्याएको थियो, जुन मिल्यो । लेखक सुलक्षणलाई 'उपहार' परिवारमा स्वागत छ ।'

त्यस्तै सुलक्षणले पनि 'उपहार' को निर्माण युनिटले गल्ती स्वीकारेर आफुलाई टिममा सम्मान दिएको कारण विवाद सकिएको बताए । उनीहरूबारे फिल्म 'उपहार' को कथालाई लिएर सुलक्षण भारतीले सामाजिक सञ्जालमा आफ्नो कथामा बिना अनुमति अर्कै लेखकबाट पटकथा तयार गरेर फिल्म निर्माण हुन लागेको भन्दै आपत्ति जनाएका थिए । भारतीको आपत्तिमा निर्देशक ज्ञानेन्द्र देउजाले प्रतिकार गरेका थिए । फेसबुकमा केही समय निर्देशक देउजा र लेखक भारतीबीच आरोप प्रत्यारोप समेत चलेको थियो ।

सुलक्षणले प्रमाणको रूपमा निर्देशकलाई इमेलमा पठाएको स्क्रिप्टदेखि फिल्मकी निर्मात्री तथा अभिनेत्री रेखा थापासँगको व्हाट्सएप च्याटसम्मको स्क्रिनसट फेसबुकमा सार्वजनिक गरे । विवादले ठूलो रूप लिन थालेपछि निर्देशक देउजाले मंगलबार फेसबुकमा एक स्टाटस लेख्दै लेखक भारतीलाई क्षतिपूर्ति तथा मानहानीविरुद्ध कानुनी उपचार खोज्न सक्ने चेतावनी दिएका थिए ।

त्यसपछि सुलक्षणले पनि मे १८ (फर्स्ट डाफ्ट), अप्रिल २ (स्क्रिप्ट रिभाइज्ड) र अप्रिल ४ (रि-राइटसहित सेकेन्ड ड्राफ्ट) मा गरी तीनपटक निर्देशक देउजालाई स्क्रिप्ट इमेल गरेको फेसबुकमा स्क्रिनसट सहित सार्वजनिक गरे । विवाद चर्किने देखिएपछि दुबै पक्षले मंगलबार छलफमा बसेर मिलाएका छन् ।

# 'महानगर'को 'काव्यात्मक' ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** कथानक चलचित्र महानगर (वान नाइट इन काठमाडौं) को ट्रेलर सार्वजनिक भएको छ । कर्मा र मेनुका प्रधान वरिपरि घुमेको ट्रेलरले महानगरको सपना र यथार्थलाई दुई चरित्रमार्फत प्रस्तुत गरेको छ । देश विदेशका थुप्रै फेस्टिभलमा सहभागी भई केही अवार्ड पनि जित्न सफल फिल्मको ट्रेलरले चलचित्र काव्यात्मक भएको छनक दिन्छ ।

ट्रेलरको सुरुमै मेनुकाका चरित्रले वाचन गर्ने कविता मात्र नभई फिल्मको लय, संवाद र दृश्य संयोजनले पनि ट्रेलरलाई पृथक् बनाएको छ । सानो घटनाका कारणसँगै रात गुजार्न बाध्य दुई चरित्रको जीवनमा सो रातले ल्याएको परिवर्तनलाई चलचित्रमा उतारिएको निर्माण टिमले बताउँदै आएको छ ।

चलचित्रमा अनोज पाण्डे, शोविता अधिकारी, जीवन बराल, परीक्षित विक्रम राणा, चन्द्र पाण्डे, राज पौडेल आदि कलाकारको पनि अभिनय छ ।

माउन्टेन रिभर फिल्मस् तथा गो विन् प्रोडक्सन्स सँगको सहकार्यमा मिडलवे फिल्मस्ले निर्माण गरेको महानगरको लेखन तथा निर्देशन मोहन राईले गरेको हुन् भने चलचित्रमा नरेन्द्र मैनालीको छायांकन, परीक्षित झाको सम्पादन, किशोर आर्चायको ध्वनि सम्पादन तथा पुष्पासंगमको संगीत रहेको छ । चलचित्रको कार्यकारी निर्माता गोविन्द पराजुली हुन् भने नवनिधि दाहाल यसका क्रिएटिभ प्रडुसर हुन् । चलचित्र भदौ ८ मा देशभर प्रदर्शन हुँदै छ ।



# निर्देशनमा पूजाको पाइला

■ प्रभाव संवाददाता

**काठमाडौं–** छोटो समयमै नेपाली गीत संगीतको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल गीतकार पूजा ठकुरीले म्युजिक भिडियो निर्देशनको बिधामा पनि आफ्नो पाइलालाई अगाडी बढाएकी छन् ।

कञ्चनपुरको सुडामा जन्मिएकी पूजा २०७४ देखी गीत संगीतको क्षेत्रमा होमिएकी हुन् । आफ्नो पहिलो गीत भुल्नै गारो भयो मार्फत संगीत क्षेत्रमा पहिलो पाइला चालेकी ठकुरीले अहिलेसम्म एक दर्जन भन्दा धेरै गीत बजारमा प्रस्तुत गरेकी छन् ।

गीतकार ठकुरिका भुल्नै गारो भयो, ओ झेली माया, डालिले पात फेर्छ, तिम्रै नामको कात्रो ओडेरलगायतका गीताहरू बजारमा चर्चित छन् । गीति लेखनबाट चर्चा कमाइ राखेकी उनै ठकुरी अहिले भने म्युजिक भिडियो निर्देशनतिर पनि ब्यस्त हुन थालेकी छन् ।

चर्चित गायक स्वरूपराज आचार्यको स्वरमा रहेको गीत एउटा प्रश्न, मलाई भन्थे सबैले, सुसेलीले डाकौं भने, म परदेश जान्छु, अलिअलि हँसाउँदै अलिअलि रिसाउँदै, हिजो हँसायौं, कति पनि, बसन्तमा डालिले पात फेर्छ, तिम्रो नामको सिन्दुर लगायतका गीतहरू उनको निर्देशनमा बजारमा आईसकेका छन् भने केही म्यूजिक भिडियोहरू बजारमा आउने क्रममा छन् ।

आफुलाई निर्देशन र लेखन दुवै बिधा प्रिय लाग्ने भएकाले दुवै बिधामार्फत सांगीतिक क्षेत्रमा अगाडी बढेर केहि गरौ भन्ने हुटहुटी चलेको ठकुरीले जानकारी दिइन् । गीत संगीत तथा भिडियो निर्देशनको बिधामा केहि फरकपन दिने र निरन्तर सांगीतिक क्षेत्रमा संघर्ष गरिरहने ठकुरी हिजो आज दर्शकको रुचिमा पर्न थालेकी छिन् र आफ्नौ छुट्टै पहिचान बनाउने दौडधुपमा निरन्तर लागिरहेकी छन् ।

## रंगशाला

# सातौं पोखरा स्पोर्ट्स अवार्डको आय व्यय सार्वजनिक

■ प्रभाव संवाददाता




**पोखरा–** सातौं पोखरा स्पोर्ट्स अवार्ड २०७९ को आय व्यय सार्वजनिक गरिएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले मंगलबार एक कार्यक्रमको आयोजना गरेर आय व्यय सार्वजनिक गरेको हो । अर्वाड कार्यक्रमको लागि २६ लाख ९९ हजार १२ रूपैयाँ आम्दानी भएकोमा २५ लाख ८७ हजार २ सय ५५ रूपैयाँ खर्च गरेर १ लाख ११ हजार ७ सय ५७ रूपैयाँ बचत भएको मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए । कोषाध्यक्ष कविता घर्ती मगरले पेश गरेको आय व्यय विवरण सुझाब सहित पारित गरिएको थियो ।

मञ्चको पाँचौ स्थापना दिवसको अवसरमा आयोजित सो कार्यक्रममा सातौं संस्करणको स्पोर्ट्स अवार्डको समीक्षा समेत गरियो । अवार्ड कार्यक्रमलाई आगामी दिनमा थप परिस्कृत र परिमार्जित गर्दै लैजानुपर्नेमा सहभागीले जोड दिए । मञ्चका निवर्तमान अध्यक्ष एकराज गिरी, सल्लाहकार रञ्जन अधिकारी क्षेत्री, निवर्तमान महासचिव बिजय नेपाल, सदस्यहरू रोहितराज पराजुली, दीपक परियार, विजय नेपाली लगायतले पोखरा स्पोर्ट्स अवार्डसँगै मञ्चले गर्ने विभिन्न गतिविधिका सम्बन्धमा महत्वपूर्ण सुझाव दिएका थिए ।

मञ्च अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा कालावाङ घरेडी सामुदायिक होमस्टेमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सिना पंगेनी, संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली, उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले मञ्चको स्थापना दिवस र सातौं पोखरा स्पोर्ट्स अवार्डका सम्बन्धमा बोलेका थिए ।

सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड गत बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना भएको थियो । अवार्ड अन्तरगतको वर्ष उत्कृष्ट खेलाडी पुरुष तर्फको पुरस्कार क्रिकेटका करण केसी र वर्ष उत्कृष्ट खेलाडी महिलातर्फको पुरस्कार फुटबलकी सावित्रा भण्डारीले हात पारेकी थिइन । अवार्ड अर्न्तगत उदीयमान खेलाडीतर्फ क्रिकेटका सुवास भण्डारी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङले बाजी मारेंका थिए ।

लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानी, वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघ र वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड सागरराज तिमिल्सिनालाई प्रदान गरिएको थियो । यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गरिएको थियो । अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकार लगायतको विषेश सहयोग रहेको थियो ।

मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रूपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै २०७५ सालमा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रूपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रूपमा विकास गरिएको छ । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् ।

## नवौं राष्ट्रिय खेलकुदमा ५३ करोड खर्च

**काठमाडौं (प्रस)** – गण्डकी प्रदेशमा आयोजना भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ५३ करोड ७९ लाख रूपैयाँ खर्च भएको विवरण सार्वजनीक भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले बुधबार प्रेस बिज्ञप्तिमार्फत नवौं राष्ट्रिय खेलकुदमा ५३ करोड ७९ लाख ४ हजार २ सय ३९ रूपैयाँ खर्च भएको विवरण सार्वजनीक गरेको हो ।

प्रतियोगिता सम्पन्न भएको झण्डै १० महिनापछि राखेपले नवौं राष्ट्रिय खेलकुदको खर्च विवरण सार्वजनीक गरेको हो । प्रतियोगिता सञ्चालनको दौरान ठुला चार्ड पर्व, लगत्तै आम निर्वाचन, सरकारले खर्च कटौती गर्दै बजेट रोक्का गरेकाले समयमै खर्च विवरण सार्वजनीक गर्न नसकिएको परिषद्को स्पष्टोक्ती छ ।

प्रतियोगिताको शीर्षकगत रूपमा बिनियोजित मध्य अपुग रकम अन्य शीर्षकबाट रकमान्तर गर्नुपर्ने भएकाले रकमान्तरको प्रक्रिया पुरा हुन असारको पहिलो हप्ता लागेकाले समेत एकिन विवरण तयार गरि सार्वजनीक गर्न ढिलाई भएको परिषद्ले जनाएको छ ।

परिषद्का अनुसार सरकारबाट ६० करोड १० लाख र आन्तरिक रूपमा ५१ लाख रूपैयाँ गरि कुल ६० करोड ६१ लाख ५२ हजार ७ सय रूपैयाँ परिषद्सँग प्रतियोगिताका लागि रहेको र विभिन्न शीर्षकमा ५३ करोड ८२ लाख ४८ हजार ४ सय ६० रूपैयाँ खर्च भएको जनाएको छ । प्रतियोगिता गण्डकी प्रदेशमा असोज २८ गतेदेखि ३ गतेसम्म सञ्चालन भएको थियो । कुल ३ सय ९६ स्वर्णका लागि भएको प्रतियोगितामा सात प्रदेश, तीन विभागीय टिम, एनआरएनए गरि ६ हजार १ सय २७ खेलाडी सहभागी भएका थिए ।

## किंग्स कप पुरुष भलिबल

# गन्डकीको दोस्रो जित, एपिएफ र किंग्स विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो संस्करणको किंग्स कप पुरुष भलिबल प्रतियोगितामा गन्डकी प्रदेशले लगातार दोस्रो जित हात पार्दा विभागीय टोली नेपाल एपिएफ क्लबले विजयी सुरुआत गरेको छ ।

खराब प्रकाशका कारण नेपाल पुलिस र नेपाल एपिएफबीचको खेल चौथो सेटमा चल्दै गर्दा रोकिएको छ । दुवैको खेल बिहीबार पहिलो सेटबाट सुरु हुनेछ ।

बुधबारको पहिलो खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले जित हात पारेको हो । आफ्नो पहिलो खेलमा कोशी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । एपिएफ २५-१६, २५-२० र २५-१६ ले विजयी भएको थियो । समय अभावका कारण मंगलबार हुन नसकेको एपिएफ र कोशीको खेल बुधबार भएको थियो ।

दोस्रो खेलमा खोटाङ नेशनल युवा संघले लगातार दोस्रो हार व्यहोर्ने क्रममा आयोजक किंग्स क्लब काठमाडौंले पहिलो जित हात पारेको थियो । किंग्स क्लब २५-१६, २२-२५, २५-१२ र २५-२१ सेटमा विजयी भएको थियो ।

तेस्रो खेलमा जीएम समाजलाई पराजित गरि गन्डकी प्रदेशले जित हात पारेको छ । जीएमलाई गन्डकीले ३-२ को सेटमा पराजित गरेको हो । पहिलो र दोस्रो सेट १७-२५ र २६-२८ ले हारेको गन्डकीले लगातार तीन सेटमा जित हात पारेर खेल आफ्नो पक्षमा पार्यो । तेस्रो, चौथो र पाँचौ सेट गन्डकीले २५-१७, २६-२४ र १७-१५ मा जित हात पाऱ्यो ।

चौथो खेलमा पुलिस र एपिएफको खेल चौथो सेटमा स्थगित भएको थियो । खराब प्रकाशका कारण स्थगित खेल बिहीबार पहिलो सेटबाट हुनेछ ।

बुधबारका लागि तोकिएको पाँचौ खेल समय अभावका कारण आज (बिहीबार) हुने गरि स्थगित भयो । हुन नसकेको दुई खेल सहित बिहीबार छ खेल हुनेछ ।

प्रतियोगितामा ८ वटा टोलीको सहभागीता रहने छ । सहभागी टोलीलाई समूह ए र बी मा विभाजन गरिएको छ । समूह ए मा आयोजक किंग्स क्लब सहित खोटाङ नेशनल युवा संघ, गण्डकी प्रदेश र जीएम समाज रहेका छन् । यस्तै समूह बी मा विभागीय टोलीहरू नेपाल पुलिस र नेपाल एपिएफ क्लब तथा कोशी प्रदेश र नेपाल गणतान्त्रिक महासंघ रहेका छन् ।

प्रत्येक समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान सुरक्षित गर्ने छन् । नेपाल भलिबल संघको स्विकृतीमा भएको यस प्रतियोगितामा संघले प्राविधिक सहयोग प्रदान गर्नेछ ।

प्रतियोगिताको अनुमानित बजेट १७ लाख रहेको छ । आयोजक क्लबका महासचिव लक्ष्मण कार्प्रीका अनुसार पुरस्कार तर्फ मात्र ४ लाख रकम खर्च हुनेछ ।

प्रतियोगितामा प्रथम हुने टोलीले २ लाख २ हजार नगद प्राप्त गर्दा दोस्रो हुनेले १ लाख १ हजार नगद प्राप्त गर्ने छ । तेस्रो हुनेले नगद रु ५० हजार ५ सय र सान्त्वनाले रु २२ हजार २ सय प्राप्त गर्ने छ ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ८ हजार नगद पुरस्कार पाउँने छ । हरेक विधाका उत्कृष्ट खेलाडीले जनही ३ हजार नगद पुरस्कार पाउँने छ । प्रतियोगिताका सबै खेल नयाँ बसपार्कमा रहेको ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रमा हुनेछ ।

# बेइजिङमा मुसलधारे वर्षा, पाँच उद्दारकर्मीसहित ३८ जनाको मृत्यु

**बेइजिङ–** भारी वर्षाका कारण बेइजिङमा आएको भीषण बाढी, डुबान र पहिरोमा परी मंगलबार साँझसम्ममा ३३ जनाको मृत्यु भएको स्थानीय अधिकारीले बुधबार जानकारी दिएका छन् । त्यसैगरी उक्त प्राकृतिक विपत्तिपछिको उद्दार तथा राहत कार्यमा सहभागी पाँच जनाको मृत्यु भएको चिनियाँ प्रशासनले जनाएको छ ।

बेइजिङका उपमेयर जिया लिनमाओले एक पत्रकार सम्मेलनमा उद्दारकर्तासहित अन्य १८ जना अझै हराइरहेको जानकारी दिए । मुख्यतया, गत हप्ता परेको वर्षापछि आएको बाढी र घर भत्किएका कारण उनीहरूका ज्यान गएको हो ।

जुलाई २९ देखि अगस्ट २ सम्म बेइजिङमा आएको 'डोक्सुरी आँधी'का कारण मुसलधारे वर्षा भएको थियो । बेइजिङमा १४० वर्षअघि रेकर्ड सुरु भएयताको यो सबैभन्दा ठूलो वर्षा हो । वर्षाका कारण आएको बाढीले करिब १२ लाख ९० हजार मानिस र करिब १५ हजार हेक्टर जमिनमा लगाइएको बालीनालीमा क्षति पुर्‍याएको छ ।

जियाका अनुसार, सम्पत्ति र भौतिक क्षतिको आकलन भइरहेको र घोषित मृतक संख्यामा वृद्धि हुने सम्भावना देखिएको छ ।

मुसलधारे वर्षाका कारण हिमाली क्षेत्रका पूर्वाधारमा ठूलो क्षति पुगेको छ, ५०७ गाउँमा पानी आपूर्ति प्रभावित भएको छ, २७३ गाउँ र १६ आवासीय समुदायमा विद्युत् कटौती भएको छ भने ३४२ गाउँमा सञ्चार सेवा अवरुद्ध भएको छ । वर्षाले सडक र पुलहरूमा क्षति पुगेपछि २५६ वटा गाउँमा यातायात सञ्चालनमा समस्या भएको छ । अथक उद्दार र पुनःस्थापना प्रयासहरू जारी रहेको र अधिकांश गाउँहरूमा सफलतापूर्वक बिजुली आपूर्ति, खानेपानी, दूरसञ्चार सेवा र यातायात बहाल भएको छ ।

बेइजिङले प्रभावित जनसंख्याका लागि अत्यावश्यक दैनिक आवश्यकता, आपत्कालीन आपूर्ति र चिकित्सा उपचार उपलब्ध भएको सुनिश्चित गरेको छ र विपद्पछिको महामारी रोकथाम कार्य सुरु गर्न द्रुत कदम चालेको उपमेयरले बताए ।

'बेइजिङ सहरले पुनरुत्थान र पुनर्निर्माण योजना बनाएको छ र यसको कार्यान्वयनलाई गति दिनेछ,' जियाले भने ।

**सिचुवानमा बाढीका कारण ७ जनाको मृत्यु**

चीनको दक्षिणपश्चिमी सिचुआन प्रान्तमा बुधबार आएको बाढीमा परी सात जनाको मृत्यु भएको चीनको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । सरकारी प्रसारक सिसिटिभीले सात जनाको मृत्यु भएको र अन्य चार जनालाई पानीबाट उद्दार गरिएको उल्लेख गर्दै 'स्थानीय सार्वजनिक सुरक्षा, अग्नि नियन्त्रक र अन्य विभागहरूले खोजी र उद्दार कार्य जारी राखेको' जनाएको छ ।

प्रान्तीय राजधानी छेन्दुको दक्षिणपश्चिममा रहेको तटबन्ध नजिकै बिहान १० बजे अप्रत्यासित आएको बाढीले १० जनाभन्दा बढी मानिसलाई बगाएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । बाढी आउँदा फोटो खिचिरहेका ती व्यक्ति स्थानीय एक लोकप्रिय स्थलको भ्रमण गर्ने पर्यटकहरू थिए ।

सिसिटिभीले सेयर गरेको भिडियोमा शक्तिशाली धारले पानीलाई तल धकेलेको र पानीको किनाराबाट मानिसहरू चिच्याएका कारण धेरै मानिसहरू आफ्नो टाउको पानीमाथि राख्न संघर्ष गरिरहेको देखिएको छ । जलप्रलयको कारण तत्काल स्पष्ट हुन सकेको छैन । *रासस/सिन्ह्वा*

# चिनियाँ उपभोक्ता मूल्यमा गिरावट

**बेइजिङ–** चीनको उपभोक्ता मूल्यमा दुई वर्षभन्दा बढी समयपछि पहिलोपटक गत महिना संकुचन आएको सरकारी तथ्यांकले बुधबार देखाएको छ ।

मुद्रास्फीतिको मुख्य मापन गर्ने उपभोक्ता मूल्य सूचकांक जुलाईमा ०.३ ले घटेको राष्ट्रिय तथ्यांक विभागले जनाएको छ ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.४ प्रतिशतले गिरावट आउने अनुमान गरेका थिए । चिनियाँ उत्पादनको विश्वव्यापी माग घट्दै जाँदा गत महिना चीनको निर्यात तीन वर्षयताकै सबैभन्दा तीव्र गतिमा घटेको समाचार सार्वजनिक भएको एक दिनपछि यो आकडा सार्वजनिक भएको हो । कमजोर आन्तरिक मागका कारण आयात पनि लगातार नवौं महिना घटेको छ ।

वस्तुको मूल्यमा आएको गिरावट क्रयशक्तिका लागि फाइदाजनक देखिएता पनि अपस्फीतिले अर्थतन्त्रका लागि व्यापक खतरा उत्पन्न गर्छ किनभने उपभोक्ताहरू थप कटौतीको आशामा खरिद स्थगित गर्छन् ।

मागको कमीले कम्पनीहरूलाई उत्पादन घटाउन, रोजगारी कम गर्न वा रोक्न र कामदारहरूलाई हटाउन बाध्य पार्छ, साथै उनीहरूको भण्डार बेच्न नयाँ छुट दिन तयार हुन्छ । लागत समान हुँदाहुँदै पनि लाभप्रदतामा तौल गर्दछ ।

चीनले सन् २०२० को अन्त्य र सन् २०२१ को सुरुमा छोटो अवधिको अपस्फीतिको अनुभव गरेको थियो, जसको मुख्य कारण सुँगुरको मासुको मूल्यमा गिरावट आएको थियो । चीनमा सबैभन्दा बढी खपत हुने सुँगुरको मासु हो । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMOUR & MORE FOR SWEETS AND PASTRIES

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT No.290663 चलानी नं ६०२०५८८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 7 | 135 | ५७,९८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Tools Cleaner | 3 | 5 | 100 | ४२,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT. No. 290688 चलानी नं.६०२०५९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 160 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL JASSRA SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT. No. 290689 चलानी नं.६०२०५९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard Male | 25 | 0 | 1500 | ५४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANIS MASYHUR SDN BHD

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT. No. 290661 चलानी नं. ६०२०५८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 4 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN PARK HOTEL

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT. No. 290685 चलानी नं. ६०२०५९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectioner | 0 | 1 | 1800 | ६५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Customer Service | 3 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1500 | ५४,४४० | | | | | | | |
| 4 | Labour | 7 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 5 | Messenger | 2 | 0 | 1800 | ६५,३२५ | | | | | | | |
| 6 | Receptionist | 0 | 2 | 1200 | ४३,५५० | | | | | | | |
| 7 | Reservation Office | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 8 | Services Employee | 1 | 0 | 2000 | ७२,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALI OVERSEAS PVT. LTD.** Govt. License 722/064/065

Ali Overseas Pvt. Ltd.
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np
Website : www.alioverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: HALA & GALA FOR HOSPITALITY

पूर्व स्वीकृति मिति: २०८०/04/१२ पून विज्ञापन स्वीकृति मिति: २०८०/04/२३ LT. No.289877 चलानी नं. ६०२०५९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1400 | ५०,८१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 2 | 1400 | ५०,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३१ गते (16th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 289877 मिति: २०८०/०४/२४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Like International (Pvt) Ltd.**

श्रम ईजाजत नं. १५८०/०७९/०८०
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JMRAN OPERATION AND MAINTANANCE

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT. No. 290712 चलानी नं. ६०२०५९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 40 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JMRAN OPERATION AND MAINTANANCE

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT. No. 290711 चलानी नं. ६०२०५९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 50 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ देखि भदौ ३ गते (17-20th. Aug 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAGA ROOFING SYSTEMS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/04/२४ LT. No. 281882 चलानी नं. ६०१९७३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**

Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ABDULLAH NEDDA AL-RASHIDI INDUSTRIES FACTORY

पूर्व स्वीकृति मिति २०८०/04/२४ LT No. 290670 चलानी नं. ६०२०५८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ३२ गते (17th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899,
Mobile: 9851095260, 9851019507, 9802095260, 9813263946, 9841032112, and 9829582034
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२००० | प्रति तोला - १११४५० | प्रति तोला - १३९० |



**गोठतिर लैजाँदै भेडाच्याङ्ग्रा** | मनाङ डिस्याङ गाउँपालिकास्थित आइसलेका खर्कहरूमा भेडाच्याङ्ग्रा चरन क्षेत्रबाट गोठतिर लैजाँदै । यस क्षेत्रमा भेडाच्याङ्ग्रासँगै याक चौँरीका गोठ छन् । यहाँ जाडोमा गाउँ बस्तीमा र गर्मीमा लेकका खर्कमा गोठ लैजाने चलन छ । *तस्बिरः नवीन लामिछाने/रासस*

# समस्यामात्र देखाउने प्रवृत्ति त्याग्न ऊर्जामन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले परिणाम निकाल्ने र जनताले राहत पाउने गरी काम गर्न मातहतका निकायलाई निर्देशन दिएका छन् ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई मन्त्रालयमा सम्बोधन गर्दै मन्त्री बस्नेतले समीक्षा बैठकका केवल बैठकमा मात्र सीमित हुन भएन र त्यसबाट नेपाली जनताले के पाउँछ भन्ने कुरा स्पष्ट हुनुपर्ने बताए । कतिपय आयोजनाको कार्यप्रगति ४० प्रतिशतभन्दा कम हुनु शोभनीय नभएको उल्लेख गर्दै किन त्यसो भयो, समयमा किन समाधान गरिएन भन्ने विषयमा समेत स्पष्ट खोजबिन गर्नुपर्ने उनको भनाइ छ ।

कमजोर कार्यसम्पादन भएका आयोजनाको समग्र पक्षको खोजी गरी आगामी दिनमा समयमै समस्याको निरूपण गर्न र काम कारबाहीलाई तीव्रता दिन उनले मातहतका निकाय र विभागलाई निर्देशन दिए ।

उनले प्रक्रियागतरूपमा रहेको कमजोरी सुधार गर्न, कार्यशैलीमा परिवर्तन गर्न आग्रह गर्दै भने, 'आफ्नो काम गर्ने शैलीमा सुधार गर्नुस् । सक्रियतापूर्वका कार्य सम्पादन गर्ने वातावरण बनाउनुस् । त्यसबाट मुलुक र जनताले बढीभन्दा बढी लाभ हासिल गर्न सकून् ।' मन्त्री बस्नेतले मनोगत तरिकाले योजना छनोट गर्दासमेत अपेक्षित परिणाम निस्कन नसकेको उल्लेख गर्दै आगामी दिनमा यसको वस्तुनिष्ठ समाधान हुनुपर्ने धारणा राखे ।

कतिपय आयोजनामा संस्थागत क्षमता नभएर पनि पछाडि परेको तथा कतिपयमा कर्मचारीको उचित प्रबन्ध हुन नसकेको तथा कतिपयमा प्रक्रियागत कमजोरीका कारण पनि जटिलता पैदा भएको भन्दै उहाँले त्यसमा तत्काल सुधार गर्न र आगामी दिनमा विगतको समस्या नदोहोरिने गरी काम हुनुपर्ने बताए ।

यस्तै, भौतिक पूर्वाधारको काम गुणस्तरीय भए नभएकामा समेत विशेष ध्यान दिनसमेत उनले मातहतका सबै निकाय र त्यसका प्रमुखलाई निर्देशन दिए । उनले समस्याको चाङ मात्र देखाउने र समाधानको उपाय नखोज्ने प्रवृत्ति मौलाएको भन्दै मातहतका निकायले आफूले समाधान गर्न सक्ने समस्या आफैँ हल गर्नुपर्ने र नसक्ने मात्रै माथि ल्याउन जरुरी रहेको बताए । उनले समीक्षा गर्ने भनेको तथ्यांक संकलन गर्ने मात्र नभई प्रतिफल प्राप्त भयो कि भएनसमेत हेर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रभु बुढाथोकीले खास समस्या के हो भनेर निरूपण गर्न र आयोजनाको समग्र पक्षलाई ध्यान दिएर शीघ्र कार्यान्वयन हुने वातावरण बनाउनुपर्नेमा जोड दिए । उनले समस्या देखाउने र त्यसबाट पन्छनेभन्दा पनि आफैँ हल गर्न प्रयत्न गर्ने र नसकेमात्रै माथि ल्याउने प्रणालीको विकास गर्नुपर्ने बताए । उनले १६ औँ योजनामा समावेश गर्नुपर्ने विषयलाई सूत्रबद्धरूपमा प्रस्तुत गर्नसमेत आग्रह गरे ।

मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले समग्रमा मन्त्रालय र मातहतका आयोजनाको प्रगति सन्तोषजनक भए पनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना नै दुरुहपूर्ण हुनु राम्रो नभएको बताए । उनले कतिपय आयोजना र नीतिका विषय अर्थ मन्त्रालयमा पुगेर अड्केको तथ्यांक पेश गर्दै त्यसलाई समयमै निरूपण गर्न आग्रह गरे । उनले जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा प्रयोगका सन्दर्भमा कुनकुन आयोजना के कसरी समस्या परेको हो त्यसको विवरण सात दिनभित्र मन्त्रालयमा उपलब्ध गराउन निर्देशन दिए ।

मन्त्रालयका सिँचाइ सचिव गोपाल सिग्देलले जग्गा प्राप्ति ऐनको सामयिक सुधार हुनुपर्ने आवश्यकता औँल्याउँदै विकास निर्माणको काम अगाडि बढाउन असाध्यै समस्या पैदा भएको बताए । आयोजना प्रभावितको माग सम्बोधन गर्न नसकिने अवस्थामा पुगेको, वन क्षेत्र र जग्गा प्राप्तिका विषयमा छुट्टै ऐनको आवश्यक भइसकेको सचिव सिग्देलको भनाइ छ ।

जल तथा ऊर्जा आयोगका सचिव सुशीलचन्द्र तिवारीले ऊर्जा र सिँचाइका आयोजनालाई प्रतिफलसँग पनि जोडेर हेर्नुपर्ने बताए । उनले प्रदेश र स्थानीय निकायले गरिरहेका कामसमेत सङ्घीय सरकारले थाहा पाउने गरी एउटा विशेष संयन्त्रको प्रबन्ध गर्न सुझाव दिए ।

सो बैठकमा राष्ट्रिय योजना आयोगका सहसचिव सुमन दाहालले आयोजनाको दोहोरोपना हटाउनुपर्ने बताए । उनले प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकले गरेको निर्णय नै कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्नुपर्ने बताए । उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका पूर्वाधार सचिवको नेतृत्वमा रहेको आयोजना सहजीकरण समितिलाई सक्रिय बनाउन सकिए धेरै समस्या समाधान हुने उल्लेख गरे ।

उक्त अवसरमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, विद्युत् विकास विभागका महानिर्देशक चिरञ्जीवी चटौत, सिँचाइ विभागका महानिर्देशक सुशील आचार्य, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाल, विद्युत् उत्पादन कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बखतबहादुर शाहीलगायतले आफ्ना निकायले गरेका काम कारबाहीको बारेमा जानकारी गराएका थिए ।

# कामपाले उठायो १० अर्बभन्दा बढी राजस्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले गत आर्थिक वर्ष २०७९/०८० मा रु दश अर्ब २५ करोड ४१ लाख राजस्व असुल गरेको छ । कामपाले गत आवको लागि रु दश अर्ब ४१ करोड लक्ष्य लिएको थियो । अघिल्लो आवको भन्दा गत आवमा आन्तरिक राजश्व लक्ष्य अनुसार नै उठेपनि कामपाले सङ्घ तथा प्रदेश सरकारबाट बाँडफाँट र अनुदानबाट आउने रकम कमी आउँदा समग्र राजस्व भने घटेको छ ।

आव २०७८/०७९ मा कामपाले दश अर्ब ४१ करोड राजस्व असुल गरेको थियो । अनुदान रकम कम भए पनि अछिल्लो आर्थिक वर्षको तुलनामा आन्तरिक आम्दानी रु एक अर्ब ३६ करोड बढी असुल भएको कामपा राजस्व विभागका प्रमुख धुव्र काफ्लेले जानकारी दिए । उनका अनुसार कामपाले आन्तरिक आम्दानी लक्ष्यभन्दा ५७ करोड बढी असुल गरेको हो ।

जसमा सबैभन्दा बढी बहाल करमा रु दुई अर्ब ५६ करोड असुल भएको छ, त्यस्तै सम्पत्ती करमा रु एक अर्ब आठ करोड, व्यवसाय करमा पनि ५८ करोड असुल भएको विभागका प्रमुख काफ्लेले बताए । त्यस्तै नक्शापास दस्तुरबाट रु १० करोड ११ लाख भन्दा बढी राजस्व उठेको छ । स्रोतसाधनको हिसावले सबैभन्दा बलियो कामपाले अघिल्लो वर्षको तुलनामा ३० प्रतिशतले बढी आन्तरिक राजस्व उठाएको हो ।

आव २०७८/०७९ मा जम्मा रु चार अर्ब ४६ करोड आन्तरिक राजस्व उठाउन सफल भएको कामपाले आव २०७९/०८० मा रु पाँच अर्ब ८२ करोड राजस्व उठाउन सफल छ ।

कामपाले सम्पत्ति, घरजग्गा, बहाल, व्यवसाय मनोरञ्जनलगायत विभिन्न ३६ शीर्षकमा राजस्व असुल गर्दै आएको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तः शुल्कबाट उठेको रकममध्ये ७० प्रतिशत केन्द्र सरकारलाई र १५/१५ प्रतिशत प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट हुने व्यवस्था छ । गत आवमा बाँडफाँटबाट कामपाले रु एक अर्ब ८५ करोड पाएको छ राजश्व विभाग प्रमुख काफ्लेले भने, 'अघिल्लो वर्षको तुलनामा रु एक अर्ब ६८ करोड ९४ लाखले कमी हो । अघिल्लो वर्ष करिब तीन अर्ब रु ५५ करोड प्राप्त गरेको थियो ।'

# झापामै फल्यो १० हजार मेट्रिक टन सुपारी

■ चन्द्रकला भण्डारी

**झापा–** धान र चिया उत्पादनका लागि प्रसिद्ध झापा महत्वपूर्ण नगदे कृषि बाली 'सुपारी'को उर्वर जिल्लाका रूपमासमेत चिनिएको छ ।

धार्मिक कार्यमा न्वारान र विवाहदेखि मृत्यु संस्कारसम्म नभइ नहुने सुपारीलाई औषधीय गुणयुक्त मानिन्छ । हिन्दू धर्ममा सुपारीको दानालाई गणेशका रूपमा पूजा गरिने चलन छ । यसको दानालाई फरक स्वादका लागि पानको पातसँग मुखमा चपाउने र पाहुनाको स्वागत गर्ने खाद्य वस्तुका रूपमा धेरै मानिसले प्रयोग गर्दै आएका छन् ।

यसको पातबाट वातावरणमैत्री थाल तथा बटुकासमेत उत्पादन हुने गरेको छ । वर्षौंदेखि जिल्लामा सुपारीको खेती हुँदै आए पनि यसको खेतीले व्यावसायिकस्वरूप धारण गरेको भने धेरै भएको छैन । अरु बालीभन्दा कम लागतमा बढी आम्दानी पाइने भएकाले किसान धान र अन्य बालीको साटो सुपारी खेतीमा आकर्षित हुन थालेका छन् । कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांक अनुसार सुपारीको व्यावसायिक खेती झापासहित कोशीका चार जिल्लामा हुने गरेको छ । सुनसरी, मोरङ र उदयपुरमा पनि यसको व्यावसायिक खेती हुने गरेको छ ।

मन्त्रालयका कृषि विज्ञ अभिमन्यू अधिकारीका अनुसार कोशी प्रदेशको कूल सुपारी उत्पादनमध्ये दुई तिहाइभन्दा बढी सुपारी झापामै उत्पादन हुने गरेको छ । त्यही कारण झापालाई सुपारीको राजधानी तथा उर्वरभूमि पनि भन्ने गरिन्छ । झापा, मोरङ, सुनसरी, उदयपुर र इलामको कुल चार हजार ५४ हेक्टरमा सुपारीको व्यावसायिक खेती हुँदै आएको छ । आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा १४ हजार पाँच सय ६१ मेट्रिक टन सुपारी उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

झापामा दुई हजार सात सय ७० हेक्टरमा सुपारीखेती हुँदै आएको छ । झापामा आव २०७९/८० मा १० हजार तीन सय ७० मेट्रिक टन सुपारी उत्पादन भएको छ । झापामा सुपारी खेतीको विस्तार पनि तीव्र रूपमा भइरहेको छ । जिल्लाका १५ वटै पालिकामा किसानले सुपारीको व्यावसायिक खेती गर्दै आएको सुपारी खेतीका अभियन्ता एवम् सुपारी जोनका पूर्व अध्यक्ष नीलकण्ठ तिवारी बताउँछन् । सुपारीको पातदेखि खोस्टासमेत बिक्री हुन थालेपछि यसप्रति किसानको आकर्षण बढेको उनको भनाइ छ ।

झापामा सुपारीको खोस्टाबाट प्लेट, बटुका, चम्चालगायतका सामान बनाउने ठूला साना गरी आधादर्जन उद्योग सञ्चालनमा रहेका छन् । सुपारीका पातबाट निर्मित सामान यूरोपसम्म निर्यात हुने गरेको छ । झापापछि मोरङमा सबैभन्दा बढी सुपारी खेती र उत्पादन हुँदै आएको छ । मोरङको नौ सय पाँच हेक्टरमा सुपारीको खेती हुँदै आएको छ । गत आवमा मोरङमा दुई हजार नौ सय ४६ मेट्रिक टन सुपारी उत्पादन भएको थियो ।

यसैगरी इलाममा गत आवमा दुई सय नौ हेक्टरमा सुपारी खेती भएकामा छ सय १० मेट्रिक टन उत्पादन भएको थियो भने सुनसरीको एक सय ३५ हेक्टरमा खेती हुँदा पाँच सय २५ मेट्रिक टन सुपारी उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

उदयपुरको ३५ हेक्टरमा सुपारी खेती भएको र गत आवमा एक सय नौ मेट्रिक टन सुपारी उत्पादन भएको पाइएको छ । सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत झापामा सुपारी जोन सञ्चालन भएको उनले बताए । जोन घोषणा भएसँगै सुपारी किसानलाई खेती विस्तार, बिरुवा उत्पादन, कृषि औजार, भण्डारण, सुपारी प्रशोधन लगायतका लागि परियोजनाले ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा विभिन्न औजार दिने गरेको छ ।

झापाको पूर्व-पश्चिम राजमार्गको उत्तरी क्षेत्रमा सुपारी खेतीका लागि अनुकूल माटो रहेको छ । बाहुनडाँगी, बुधबारे, शनिश्चरेमा जताततै सुपारीका मनमोहन बगान देख्न सकिन्छ । पछिल्लो समय सुपारी खेती विस्तार गर्ने लहर नै चलेको छ । 'कम लगानीमा बढी आम्दानी हुने भएकाले सुपारी खेतीतर्फ किसानको आकर्षण बढेको हो', सुपारी जोनका पूर्व अध्यक्ष तिवारी भन्छन्, 'जङ्गली हात्तीले अरु बाली खाएर नष्ट गरेपछि सुरक्षित बालीका रूपमा हात्तीपीडित क्षेत्रका बासिन्दाले सुपारी खेती विस्तार गर्न बाध्य भएका पनि छन् ।'

एकपटक लगाएपछि पुस्तौँसम्म दीर्घकालीन आम्दानीको स्रोत बन्ने र पातदेखि फलसमेत बोटबाटै बिक्री हुने गरेको उनले बताए । उनले जङ्गली हात्तीले सुपारी बालीलाई कम क्षति गरेको पाइएको बताए । स्वदेशमा सुपारी खेती विस्तारसँगै यसबाट लाभान्वित किसानको संख्या बढ्दै गएको छ । मेचीनगर नगरपालिका-४ का राजेन्द्र मिश्रले धान खेती मासेर अढाइ बिघामा सुपारी खेती गरेका छन् । सुपारीबाट प्रति बिघा वार्षिक रु तीन लाख आम्दानी हुने गरेको उनले बताए ।

सुपारी बारीभित्रै तोरी, फिलुङ्गे, आलस, कागती, बेसार र अदुवाको खेती पनि गर्न सकिने उनको भनाइ छ । बहुवर्षे बाली भएकाले एकै वर्षमा एउटा बोटबाट ५० किलोसम्म सुपारी फलाउन सकिन्छ । स्वदेशमा खेती र उत्पादनको प्रचुर सम्भावना भए पनि तेस्रो मुलुकबाट आयातित सुपारीको तस्करी धन्धाका कारण स्थानीय किसान मारमा परेका छन् । सरकारले तोकेको भारत निकासी कोटामा विदेशी सुपारी मिसाउने धन्धाका कारण स्वदेशी सुपारीको बजार अन्योल र विवादमा पर्ने गरेको किसानको गुनासो छ । *रासस*

# सेयरबजारमा उछाल

## ४१ अंकले परिसूचक बढ्दा पौने २ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगातार तीन दिनसम्म ओरालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधबार चौथो दिन भने उच्च अंकको वृद्धि देखिएको छ । बुधबार नेप्से परिसूचक ४१ दशमलव ०६ अंकले बढेर दुई हजार ६० दशमलव ९१ बिन्दुमा कायम भएको हो ।





दुई सय ६५ कम्पनीको ५० लाख १० हजार सात सय १८ कित्ता सेयर ७७ हजार पाँच सय एक पटक खरिदबिक्री हुँदा रू एक अर्ब ८८ करोड ८३ लाख २६ हजार चार सय ६९ बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड शून्य दशमलव ०६ अंकले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बिमा समूह तीन सय ४६ दशमलव ७४ र निर्जीवन बिमा समूह तीन सय १० दशमलव ५२ अंकले बढेको छ ।

बैंकिङ समूह १२ दशमलव १९, विकास बैंक ९४ दशमलव ८५, वित्त ५८ दशमलव ६४, होटल तथा पर्यटन एक सय ८८ दशमलव ५०, जलविद्युत् ६२ दशमलव ४१ र लगानी समूह एक दशमलव २२ अंकले बढेको छ । त्यसैगरी उत्पादन तथा प्रशोधन समूह ८५ दशमलव ८७, लघुवित्त ५२ दशमलव २३, व्यापार एक सय दशमलव ७६ र अन्य समूह ४४ दशमलव २७ अंकले बढेको छ ।

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ८३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सेन्चुरी डिभेन्चर-२०८८ को सेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर सफ्याका आधारमा सबैभन्दा धेरै आइएमई लाइफ इन्सुरेन्स कम्पनी लिमिटेडको रू १५ करोड ५० लाख २६ हजार दुई सय दुई बराबरको दुई लाख ६६ हजार आठ सय १८ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ